मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## मधेश प्रदेशमा आँपको उत्पादन घट्यो

पृष्ठ २ मा



● वर्ष ४ ● अंक २१७ ● २०८३ साल असार ११ गते बिहीबार ● Thursday 25, June 2026 ● सूर्योदयः बिहान ०५:१२ बजे ● सूर्यास्तः साँझ ०७:०३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

टिप्पणी

# निलम्बन राजेशमान सिंह र मनोज चौधरीको हो कि वीरगंजको राजनीतिको ?





**मधेशदृष्टि**
**वीरगंज।**
२०८२ सालदेखि नै वीरगंजको राजनीति अस्थिर देखिन्थ्यो । खासगरी वीरगंजमा पुराना पुस्ता पाखा लाख्दै थिए, नयाँ पुस्ता स्थिर बने स्वार्थको अदृश्य शक्तिकेन्द्रहरु पाइजामा खुस्कने डरले पिरोलिएका थिए । यसैले वीरगंजबारे अनेक अस्थिरताको तिर हान्नेहरु गतिलो मौका कुरिरहेका थिए । त्यो मौकाको सफल परीक्षण उनीहरुले गर्न भ्याए मेयर राजेशमान सिंह र युवा नेता मनोज चौधरीको करियरमा धावा बोलेर।

अदालतमा पुगेको विषय भएकाले किन उचालेको भन्नेहरुलाई फूलकै माला । सुनेका आधारमा कथा बुन्नेहरुलाई पनि सुनकै माला । जन्मदर्ता, नागरिकता, शैक्षिक प्रमाणपत्र र राहदानीमा पिताको नाम एउटै छ । पत्नी भएका आधारमा सम्बन्ध विच्छेद छ । अभियोग बहुविवाहको छ, मुद्दा भ्रष्टाचारको छ । चौथो वर्ष महानगरको बजेट बनाउने बेला निलम्बनको हावा चाखिरहेका वीरगंजका मेयर राजेशमान सिंहमाथि परेको वज्रपातमा कोही बोल्दैनन्।

उसो त वीरगंज अचेल अरुको हितार्थ निकै कम बोल्छ । जापानमा हुँदा जेन्जी आन्दोलनकारीले राजेशमान सिंहको घरमा आगो झोसे । सिसिटिभी क्यामेरामा देखिएको छ, मेयरको घरको चम्चा पनि आन्दोलनकारीले 'स्मारिका', गिफ्ट ह्याम्पर या टोकन ठानेर लुटे । तर आन्दोलनको १८ दिन नपुग्दै, अरु नेताहरु चोकमा निस्कने कि ननिस्कने भनेर सोचिरहेका बेला सिंह नेपाल आए, विशेष नगरपरिषद गरे, बजेट खोजे, महानगरपालिका चलाउन कस्सिए।

खरानीको स्वाद चखाउँदा पनि सिंहको 'सिंहपन' कमजोर भएन भनेर एकाथरि निकै पिरोलिएका थिए र सत्तापलटसँगै पुरानाहरु कमजोर हुँदा नयाँ सत्ताले 'सिंह'लाई 'बाघेझाप्पु' 'मैले हानेको' भन्दै जुँगामा ताउ लगाउनेहरुले माथि भनेजस्तै अदालतबाट सिंह फर्किएका दिन पर्सामा कुन मुखले राजनीति गर्ने हुन् ?

राजेशमान सिंह त सत्तामा थिए, उनीमाथि चौतर्फी, बनिबनाउ र लगानीसहितको तयारीमा प्रहार थियो । तर युवा नेता मनोज चौधरी भाट कसरी 'बमबारी'का नाइके भए ? प्रतिनिधि सभा निर्वाचनका बेला मनोज चौधरीको गाडीमा भेटिएको तार र बमको कनेक्सन मिल्छ ? त्यति तारले बम भनिएको जिनियस पड्काउन पुग्थ्यो ? अनुसन्धानका नाममा हिरासतमा राखेर दिइएको मानसिक तनाव र अदालतमा समेत चालक छुट्ने, उम्मेदवार पुर्पक्षमा जाने खेलका अदृश्य पात्र को होलान् ?

चौधरीले भने, 'को लाग्यो चिन्न पाइएन, दुःख पाइयो, यो भन्दा बढी दुःख यसमा छ कि, जो मेरा प्रिय नेताहरु थिए, उनीहरु खुशी देखिएको अनुभूति भयो ।' आफैंले बोकेका नेताहरु पनि पुर्पक्षमा जाँदा एउटा प्रतिस्पर्धी 'साइड लागेको' खुशी माने झैं अनुभूत भएपछि चौधरी राजनीतिबाट विरक्त बने । सबै दलहरुले गरेको पुकारा पनि सुनिएन । माधवकुमार नेपाल आएर भेटे । तैपनि अदृश्य शक्तिले सात खुन अपराधका मूलपात्र झैं चौधरीलाई गोर्खेलौरी कस्ने काम भयो।

यतिखेर पर्साको राजनीतिक वृत्तमा नयाँ अनुहारहरु आएका छन् । दलबदलुहरु पनि हारेका छन् । पाएसम्म आफैं सांसद, आफैं मन्त्री हुन नागरिकता लुकाउनेहरु पनि हारेका छन् । राजनीतिक पुस्तान्तरणको सुपरपावर अब वीरगंजबाट माडी, ठोरीतिर गएको छ । महानगरबाट पालिकातिर रमाना भएको छ । त्यही वीरगंजमा आविष्कार केन्द्र चलाइरहेका महावीर पुन अघिल्लो सरकारमा पनि मन्त्री थिए, यो सरकारमा पनि मन्त्री छन् । तर पर्साको नागरिक समाज, उद्योगी, व्यापारी उनको प्रशंसामा एक शब्द बोल्दैन।

प्रशंसामा मात्रै होइन, आलोचनामा पनि वीरगंज मौन छ । सत्य के हो, नबोल्ने । असत्य के हो, नदेख्ने । बाँच्नलाई यति गरे पुग्छ भन्ने भ्रमको पर्दामा लुटपुटिएर अदृश्य शक्तिले 'यसपछि मलाई पो दपेट्छ कि' भनेर पनि नागरिक समाज, दलका नेताहरु मौन देखिन्छन् । अदालतमा हाजिर भएको मान्छेलाई बिहानै समातैं भनेर फर्मान जारी गर्नेहरुले तक्मा त पाएका छैनन् । फेरि पनि वीरगंज वीर शमशेरले जे सोचेर स्थापना गरे, त्यसलाई भत्काउन उनकै भाइले रेलको लिक बनाउनेलाई 'काटिमार्नू' भनेर आदेश दिएजस्तै अहिले वीरगंजमा राजनीतिमा सपना देख्नेहरुलाई 'राजेशमान' या 'मनोज चौधरी'को हालत बनाइदिनू भन्ने अदृश्य आदेशले भोलि अरुलाई पनि जुरुक्क उठ्न दिन्छ र ?

वीरगंजका घरमा डोजर चले, कोही बोल्दैनन्, जो बोलिरहेका छन्, उनीहरुको स्वर काठमाडौंमा पुग्दा पनि मलिन भएको छ । सत्तापलट हुँदा नागरिक बलियो हुनुपर्ने हो, यहाँ त बहुविवाहको प्रकरणलाई भ्रष्टाचार र डेरा खोज्न नपाएर नागरिकले आत्महत्या र हृदयाघात रोज्दा थुप्रै वीरगंज बदल्ने सपना बोकेका कर्मवीरहरु आफैंलाई प्रश्न गरिरहेका छन्, 'वीरगंज बदल्छु भन्दा फेरि छेउ टुप्पा नमिल्ने बम र तार फालिदिने र हिरासतमा हालिदिने हुन् कि, अर्कै मुद्दा लगाएर राजेमानलाई झैं निलम्बनमा पारिदिने हुने कि ?'

### महालेखाको प्रतिवेदनमा गरुडा नगरपालिकाको
# आर्थिक बेथिति उजागर, एक करोडबढी रकममा अनियमितता



**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको गरुडा नगरपालिकामा एक करोड रुपैयाँभन्दा बढीको आर्थिक अनियमितता भएको तथ्य महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनले सार्वजनिक गरेको छ । प्रतिवेदनअनुसार नगरपालिकाको वित्तीय कारोबारमा एक करोड एक लाख ६० हजार ५४१ रुपैयाँ बराबरको कैफियत देखिएको छ । महालेखाले औंल्याएअनुसार नगरपालिकाले विभिन्न शीर्षकमा गरेको खर्चमध्ये उल्लेख्य रकम आवश्यक प्रक्रिया, प्रमाण र कागजातबिना नै भुक्तानी गरिएको पाइएको छ । कतिपय खर्च मेयर कन्थमणी जयसबाल तथा उनका छोराहरूको मौखिक निर्देशनका आधारमा गरिएको उल्लेख गर्दै प्रतिवेदनले वित्तीय अनुशासनको गम्भीर उल्लंघन भएको संकेत गरेको छ।

खर्च सम्बन्धी विवरणमा बिल–भर्पाई, दररेट, कार्यसम्पन्न प्रतिवेदन तथा प्राविधिक प्रमाणहरू पर्याप्त रूपमा पेश नगरिएको महालेखाको निष्कर्ष छ । सार्वजनिक खरिद ऐन र नियमावलीले निर्धारण गरेका मापदण्ड पालना नगरी खर्च गरिएको, स्वीकृत प्रक्रिया पूरा नगरी भुक्तानी गरिएको तथा लेखा व्यवस्थापन कमजोर रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

महालेखाका अनुसार केही योजनाको काम सम्पन्न भएको दाबी गरिए पनि त्यसको पुष्टि गर्ने आधारभूत कागजात उपलब्ध छैनन् । कतिपय योजनामा कार्य मूल्याङ्कन स्पष्ट नभए पनि रकम भुक्तानी भइसकेको देखिएकाले खर्चको पारदर्शिता र प्रभावकारितामाथि प्रश्न उठेको छ।

यस्तो अवस्थाले सार्वजनिक स्रोत–साधनको प्रयोग कति प्रभावकारी ढंगले भयो भन्ने विषयमा गम्भीर आशंका जन्माएको प्रतिवेदनले संकेत गरेको छ।

वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ बनाउन, सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी बनाउन तथा नियमित लेखा परीक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न महालेखा परीक्षकको कार्यालयले सुझाव दिएको छ । उता स्थानीयवासीले भने हरेक वर्षजसो यस्ता प्रतिवेदन सार्वजनिक भए पनि व्यवहारिक सुधार देख्न नपाएको गुनासो गरेका छन् । विकास निर्माणका लागि बजेट बढ्दै गए पनि त्यसको पारदर्शी र परिणाममुखी उपयोग हुन नसकेको उनीहरूको भनाइ छ।

स्थानीय तहमा सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रश्न फेरि एकपटक चर्चामा आएको छ । नगरपालिकामा राजनीतिक पहुँच भएका व्यक्तिहरू र निकटवर्ती समूहको प्रभाव बढ्दै गएको आरोपसमेत स्थानीय स्तरमा सुनिन थालेको छ । महालेखाको प्रतिवेदनले उजागर गरेको आर्थिक कैफियतपछि नगरपालिकाको खर्च प्रणाली र निर्णय प्रक्रियामाथि थप निगरानी आवश्यक रहेको सरोकारवालाहरू बताउँछन्।

### वीरगंज महानगरको बजेट ४ अर्व ४२ करोड ३४ लाख
# डिजिटल, सुशासनयुक्त महानगर तथा आर्थिक रुपान्तरणको लक्ष्य

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले अगामी आर्थिक वर्ष २०८३/८४ को लागि ४ अर्ब ४२ करोड ३४ लाख ९६ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेको छ । महानगरले बुधबार




नयाँ बजेट ल्याएको हो । महानगर प्रमुख राजेशमानसिंह निलम्बनमा परेपछि उपप्रमुख इम्तियाज आलम कार्यवाहक प्रमुखको जिम्मेवारीमा छन् । बुधबार वडा नम्बर ४ का वडाध्यक्ष जगतप्रसाद कानुले बजेट प्रस्तुत गरेका हुन्।

उनले चालू खर्चतर्फ २ अर्ब ४० करोड ३४ लाख ८५ हजार रुपैयाँ र पुँजीगततर्फ १ अर्ब ९६ करोड ९९ लाख ८४ हजार रुपैयाँ बराबरको बजेट विनियोजन गरेका छन् । बजेटमा सङ्घीय सरकारले १ अर्ब ९८ करोड २९ लाख, राजस्व बाँडफाँडबाट २४ करोड, ६८ लाख ८३ हजार, प्रदेश अन्तर सरकारी वित्तीय हस्तान्तरण बाट ५ करोड २८ लाख २८ हजार, प्रदेश राजस्व बाँडफाँडबाट १ करोड ७६ लाख १४ हजार, घरजग्गा रजिस्ट्रेसन शुल्क बापत ४५ करोड, आन्तरिक राजस्व १ अर्ब ४८ करोड, गत वर्षको मौजादबाट ४ करोड ६९ लाख ४४ हजार तथा नगर विकास कोषबाट १५ करोड रुपैयाँ व्यहोर्ने उल्लेख छ।

वीरगंज महानगरपालिकाले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा पूर्वाधार विकास, वन तथा वातावरण,

बाँकी पृष्ठ २ मा






# मोहरम पर्व मर्यादित रुपमा मनाउन आग्रह

**मधेशदृष्टि**
**सप्तरी।**
जिल्ला प्रशासन कार्यालय सप्तरीले आउँदै गरेको इस्लाम धर्मावलम्बीहरूको मोहरम पर्व सभ्य, मर्यादित र शान्तिपूर्ण वातावरणमा मनाउन आग्रह गरेको छ।

सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवद्वारा जारी सूचनामा मोहरम पर्वको अवसरमा सप्तरीमा बसोबास गर्ने सम्पूर्ण इस्लाम धर्मावलम्बीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दै पर्व मनाउने क्रममा सार्वजनिक सडक तथा स्थानमा हातहतियार प्रदर्शन नगर्न, सवारी आवागमनमा अवरोध सिर्जना नगर्न तथा होहल्ला लगायतका अवाञ्छित गतिविधि नगर्न नगराउन अनुरोध गरिएको छ।

जिल्ला प्रशासन कार्यालयले धार्मिक सद्भाव, सामाजिक सदाचार र सार्वजनिक शान्तिसुरक्षा कायम राख्दै पर्वलाई हर्षोल्लासपूर्वक मनाउन सबैमा अपिल गरेको छ। सूचनामा चाडपर्वको नाममा कानुनविपरीतका गतिविधि, हातहतियार प्रदर्शन वा सार्वजनिक शान्ति भंग हुने कुनै पनि कार्य गरे गराइएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने चेतावनी समेत दिइएको छ।

# मोहर्रम शान्तिपूर्ण रूपमा मनाउन
# हिन्दु–मुस्लिम समुदायबीच सद्भाव बैठक

**मधेशदृष्टि**
**जनकपुरधाम।**
आगामी मोहर्रम पर्वलाई धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र कानुनी मर्यादाभित्र रही शान्तिपूर्ण तथा व्यवस्थित रूपमा सम्पन्न गर्ने उद्देश्यले हिन्दु तथा मुस्लिम समुदायका अगुवा, सुरक्षा निकाय तथा सरोकारवाला पक्षबीच बुधबार सद्भाव तथा समन्वय बैठक सम्पन्न भएको छ।

बैठकमा मोहर्रम पर्वअन्तर्गत सञ्चालन हुने ताजिया जुलुस, धार्मिक अनुष्ठान तथा अन्य कार्यक्रमहरूलाई सामाजिक सद्भाव कायम राख्दै मर्यादित, सुरक्षित र व्यवस्थित रूपमा सञ्चालन गर्ने विषयमा विस्तृत छलफल भएको थियो। सहभागीहरूले धार्मिक विविधता नेपालको साझा सम्पत्ति भएको उल्लेख गर्दै समुदायबीचको आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्धलाई अझ बलियो बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

बैठकले ताजिया जुलुस सञ्चालनका लागि मिति, समय, मार्ग र कार्यक्रम स्थल सम्बन्धित स्थानीय तह, सुरक्षा निकाय तथा आयोजक पक्षबीच समन्वय गरेर तय गर्ने निर्णय गरेको छ। साथै जुलुसका क्रममा सम्भावित भीड व्यवस्थापन, सार्वजनिक सुरक्षा तथा यातायात सञ्चालनलाई सहज बनाउन आवश्यक सुरक्षाकर्मी परिचालन गरिने सहमति भएको छ।

छलफलका क्रममा सहभागीहरूले धार्मिक कार्यक्रमको नाममा कुनै पनि प्रकारका भड्काउ, उत्तेजनात्मक वा सामाजिक तथा साम्प्रदायिक सद्भावमा असर पुग्ने गतिविधि नगर्ने प्रतिबद्धता जनाएका छन्। धार्मिक भावना भड्काउने नारा, अभिव्यक्ति वा सामग्रीको प्रयोग नगर्ने तथा सबै समुदायको भावनाको सम्मान गर्दै कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

त्यसैगरी ध्वनि प्रदूषण नियन्त्रणसम्बन्धी प्रचलित कानुन तथा स्थानीय तहले निर्धारण गरेका मापदण्डको पूर्ण पालना गर्ने विषयमा समेत सहमति भएको छ। जुलुस तथा धार्मिक कार्यक्रमका क्रममा अनावश्यक रूपमा उच्च ध्वनि प्रयोग नगरी स्थानीयवासीको दैनिक जीवनमा असर नपर्ने गरी कार्यक्रम सञ्चालन गरिने बताइएको छ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार बैठकले जुलुसका कारण सडक यातायातमा न्यूनतम प्रभाव पर्ने गरी व्यवस्थापन गर्ने निर्णय गरेको छ। आवश्यक परे वैकल्पिक मार्गको व्यवस्था मिलाउने तथा सर्वसाधारणलाई पूर्वसूचना दिने विषयमा समेत छलफल भएको उनले जानकारी दिए।

बैठकले ताजिया विसर्जनपछि सरसफाइ, वातावरणीय व्यवस्थापन तथा सार्वजनिक सम्पत्तिको संरक्षणको जिम्मेवारी आयोजक समितिले वहन गर्ने निर्णय गरेको छ। धार्मिक कार्यक्रम सम्पन्न भएपछि प्रयोग गरिएका स्थलहरू सफा राख्ने तथा सार्वजनिक संरचनामा कुनै क्षति हुन नदिने प्रतिबद्धता आयोजक पक्षले जनाएको छ।

सामाजिक सञ्जाल तथा अन्य सञ्चार माध्यममार्फत अफवाह फैलाउने, भ्रामक सूचना प्रवाह गर्ने वा धार्मिक तथा साम्प्रदायिक सद्भावमा असर पुग्ने सामग्री प्रकाशन–प्रसारण नगर्न पनि सबै पक्षलाई आग्रह गरिएको छ। यस्ता गतिविधिमा संलग्न पाइए कानुनबमोजिम कारबाही गरिने चेतावनी बैठकमा दिइएको छ।

कुनै अप्रिय घटना हुन नदिन सबै सरोकारवाला पक्षले आपसी समन्वय, सहकार्य र जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्ने निर्णय समेत गरिएको छ। जुलुस वा अन्य कार्यक्रमका क्रममा कुनै विवाद, तनाव वा असहज अवस्था सिर्जना भए तत्काल जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायलाई जानकारी गराउने सहमति भएको छ।

धार्मिक तथा सामुदायिक अगुवाहरूले मोहर्रम पर्वलाई शान्ति, सद्भाव, त्याग र मानवीय एकताको सन्देश प्रवाह गर्ने अवसरका रूपमा मनाउनुपर्नेमा जोड दिएका छन्।

साथै पर्वका बेला आकस्मिक स्वास्थ्य समस्या वा अन्य आपत्कालीन अवस्थालाई ध्यानमा राख्दै एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा उद्धार सामग्री तयारी अवस्थामा राख्ने व्यवस्था समेत मिलाइने जनाइएको छ।

बैठकमा सहभागी विभिन्न निकायका प्रतिनिधिहरूले बैठकबाट भएका निर्णयहरू आ–आफ्नो क्षेत्राधिकारभित्र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै मोहर्रम पर्वलाई सभ्य, सुरक्षित र सौहार्दपूर्ण वातावरणमा सम्पन्न गराउन सबै पक्षको सहयोग आवश्यक रहेको बताएका छन्।

# मधेश प्रदेशमा आँपको उत्पादन घट्यो



**जनकपुरधाम।**
मधेश प्रदेशमा आँपखेती गर्ने जमिनको को क्षेत्रफल बढे पनि उत्पादन घटेको छ। यस वर्ष हावाहुरी र रोग–कीराको प्रकोपका कारण यस वर्ष उत्पादन घटेको कृषि विज्ञ दिनेश यादवले बताए। किसानले उन्नत जातका बिरुवा प्रयोग गर्न थालेको, बगैँचा व्यवस्थापन तथा सिँचाइ प्रणालीमा सुधार आएको भएपनि उत्पादनमा हावाहुरीले क्षति पु¥याएपछि किसान भने चिन्तित छन्।

कृषि विकास निर्देशनालय, नक्टाझिज धनुषाका अनुसार आर्थिक वर्ष २०८२–८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँपखेती गरिएको छ।

उक्त क्षेत्रफलबाट प्रतिहेक्टर औसत नौ दशमलव चार मेट्रिक टन उत्पादकत्वका दरले दुई लाख ९४ हजार ५६७ मेट्रिक टन आँप उत्पादन भएको बागवानी अधिकृत किरण विश्वकर्माले जानकारी दिए।

अघिल्लो आव २०८१–८२ मा २९ हजार ८८० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११ दशमलव ४३ मेट्रिक टन उत्पादकत्वका दरले तीन लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन भएको थियो। तुलनात्मक रुपमा चालु वर्ष आँपखेतीको क्षेत्रफल दुई हजार ६९४ हेक्टरले बढे पनि उत्पादन ४६ हजार ८७८ मेट्रिक टनले घटेको देखिएको छ। निर्देशनालयका अनुसार यस वर्ष सबैभन्दा बढी उत्पादकत्व बारामा प्रतिहेक्टर १३ दशमलव ८० मेट्रिक टन र सबैभन्दा कम सर्लाहीमा प्रतिहेक्टर ६ दशमलव २० मेट्रिक टन रहेको छ।

जिल्लागत रूपमा सप्तरीमा आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिक टन, सिरहामा नौ हजार ५० हेक्टरबाट ७२ हजार ४०० मेट्रिक टन तथा रौतहटमा चार हजार ७७० हेक्टर क्षेत्रफलबाट ५४ हजार ३७८ मेट्रिक टन आँप उत्पादन भएको छ।

त्यसैगरी, सर्लाहीमा दुई हजार १०० हेक्टरबाट १३ हजार २० मेट्रिक टन, महोत्तरीमा तीन हजार हेक्टरबाट २९ हजार ७०० मेट्रिक टन, धनुषामा तीन हजार ३२५ हेक्टरबाट २३ हजार २७५ मेट्रिक टन, बारामा एक हजार ४९५ हेक्टरबाट २० हजार ६३१ मेट्रिक टन तथा पर्सामा ४४७ हेक्टर क्षेत्रफलबाट पाँच हजार ९६३ मेट्रिक टन आँप उत्पादन भएको तथ्यांक छ।

मधेश प्रदेशमा मालदह, दशहरी, बम्बई, कलकतिया र आम्रपालीलगायत जातका आँप उत्पादन हुन्छ। यहाँ उत्पादन भएका आँप प्रदेशभित्रका जिल्लाको साथै काठमाडौँ उपत्यका र देशका अन्य प्रमुख बजारमा निर्यात हुँदै आएको छ। उनका अनुसार उत्पादन घटे पनि दीर्घकालीन रूपमा आँपखेतीको व्यवसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ। रासस

# खानेपानी सेवा अब छिट्टै घरघरमा

**मधेशदृष्टि**
**कलैया।**
जितपुर–बकुलिया क्षेत्रका बासिन्दाले लामो समयदेखि प्रतीक्षामा रहेको शुद्ध खानेपानी सेवा अब छिट्टै घरघरमै पाउने भएका छन्। वर्षौंअघि निर्माण सम्पन्न भए पनि विभिन्न कारणले सञ्चालनमा आउन नसकेको बकुलिया खानेपानी आयोजना अन्ततः उपभोक्तासम्म पानी पु¥याउने अन्तिम तयारीमा पुगेको छ।

भवानीपुर–जीतपुर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले घरधुरीमा धारा जडानका लागि आवेदन संकलन प्रक्रिया सुरु गर्ने भएको छ। संस्थाका अध्यक्ष हरेराम कामीद्वारा जारी सूचनामा सेवा लिन इच्छुक उपभोक्तालाई आवश्यक कागजातसहित संस्थाको कार्यालयमा सम्पर्क गर्न आग्रह गरिएको छ।

स्थानीय बासिन्दालाई सुरक्षित खानेपानी उपलब्ध गराउने उद्देश्यले करिब तीन दशकअघि निर्माण गरिएको बकुलिया खानेपानी ट्याङ्की विभिन्न प्राविधिक तथा प्रशासनिक जटिलताका कारण पूर्ण रूपमा सञ्चालनमा आउन सकेको थिएन। हाल वितरण सञ्जाल विस्तारको अधिकांश काम सम्पन्न भइसकेको छ भने आयोजना सञ्चालन अन्तिम चरणमा पुगेको जनाइएको छ।

# वीरगंज महानगरको...

विपद् व्यवस्थापन, आर्थिक विकास, सामाजिक विकास र सुशासनमा जोड दिएको छ।

महानगरपालिकाका कार्यवाहक प्रमुख इम्तियाज आलमले महानगरको २०औँ नगरसभामा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमम प्रस्तुत गर्दै डिजिटल, सुशासनयुक्त महानगर, नागरिक–केन्द्रित सेवा प्रणाली भएको सहर, हरित तथा दिगो सहरी संरचनायुक्त स्थान, उद्यमशीलता र लगानीको केन्द्र, तथा अवसर सिर्जना गर्ने आर्थिक केन्द्रका रूपमा रूपान्तरण गर्ने लक्ष्य लिएको बताए।

त्यसैगरी, आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमले दिगो विकास लक्ष्यको स्थानीयकरण, आधुनिक तथा गुणस्तरीय शहरी पूर्वाधार निर्माण, सुरक्षित र व्यवस्थित बस्ती विकास, शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि, कृषि तथा उद्यम विकास, लगानी तथा पर्यटन प्रवद्र्धन, सुशासन, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा तथा समावेशी विकासलाई प्रमुख प्राथमिकताका रूपमा अघि सारेको प्रमुख आलमले उल्लेख गरे। साथै, महानगरपालिकाको आन्तरिक आय अभिवृद्धि, प्रक्रियागत पुनसंरचनामार्फत सेवा प्रवाह सुधार, प्रविधिमैत्री प्रशासन, नागरिक सहभागितामा आधारित विकास व्यवस्थापन तथा सार्वजनिक स्रोतसाधनको पारदर्शी र परिणाममुखी परिचालनलाई पनि विशेष जोड दिएको छ।

प्रमुख आलमले भने, कृषि क्षेत्रको आधुनिकीकरण, विविधीकरण तथा व्यवसायीकरणका लागि आधुनिक प्रविधिमा आधारित उत्पादनशील कृषि प्रणाली अवलम्बन गरिनेछ, मुख्य खाद्यान्नबाली गहुँको उत्पादकत्व बढाउन कृषकलाई ५० प्रतिशत अनुदानमा उन्नत गहुँको बीउ वितरण गर्ने व्यवस्थालाई महत्वका साथ निरन्तरता दिइनेछ। महानगरले जलवायु परिवर्तन तथा रसायनिक मलको उच्चतम प्रयोगका कारण कृषि क्षेत्रमा सिर्जित जोखिम र बालीनालीमा लाग्ने आकस्मिक रोगव्याधि तथा कीरा नियन्त्रणका लागि ‘आकस्मिक बाली संरक्षण कार्यक्रम’ समेत सञ्चालन गर्ने भएको छ।

कृषकलाई नवीन प्रविधिसँग जोड्न बर्षे र हिउँदे मिनीकिट तथा सहरी क्षेत्रमा च्याउ खेती प्रवद्र्धनका लागि च्याउको बीउ वितरण कार्यक्रमलाई प्राथमिकता भने महानगरले भनेको छ।

नीति तथा कार्यक्रममा भनिएको छ, दिगो विकासको लक्ष्य अनुरूप गुणस्तरीय शिक्षा सुनिश्चित गर्न महानगर क्षेत्रभित्र रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयको मूल धारबाट कुनै पनि बालबालिकालाई बञ्चित हुन नदिन खास विद्यार्थी भर्ना दरलाई शतप्रतिशत बनाउन निरन्तर समन्वय, सहकार्य, अनुगमन तथा मूल्याङ्कन कार्यमा तीव्रता ल्याइनेछ।

# लागुऔषध खैरो हिरोइनसहित एक पक्राउ

**मधेशदृष्टि**
**सिरहा।**
लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबास र इलाका प्रहरी कार्यालय ढल्केबरको संयुक्त टोलीले खैरो हेरोइनसहित एक युवकलाई पक्राउ गरेको छ।

सूचनाका आधारमा ब्युरो शाखाका असई सरोज अधिकारी र इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीको संयुक्त कमान्डमा खटिएको प्रहरी टोलीले बुधबार मिथिला नगरपालिका–७ स्थित पूर्वपश्चिम राजमार्गमा चेकजाँचका क्रममा लागु औषध सहित युवक पक्राउ परेका हुन्।

ढल्केबर बजारबाट बर्दिबासतर्फ आउँदै गरेको ज.१३ प. १३२८ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा चालक मिथिला नगरपालिका–१, लक्ष्मीनिवास निवासी २३ वर्षीय विजय यादवको साथबाट लागुऔषध बरामद गरिएको हो। खल्तीमा लुकाइछिपाइ राखेको खैरो हेरोइन जस्तो देखिने गिलो पदार्थ ९ ग्राम फेला परेको प्रहरीले जनाएको छ।

# एनसेलका ग्राहकलाई अब आकर्षक छुट
## एपमार्फत कारोबार गर्दा विविध फाइदाहरु




**मधेशदृष्टि**
**काठमाडौँ।**
एनसेल ग्राहकहरूले अब एनसेल एपमार्फत बस, हवाई टिकट बुकिङ वा साहसिक गतिविधिहरूमा आकर्षक छुटका साथै विविध लाभहरू प्राप्त गर्न सक्ने भएका छन्। सो सम्बन्धमा एनसेलले ट्राभल प्लेटफर्म ट्रिप टर्बोसँग साझेदारीपत्रमा हस्ताक्षर गरेको जनाएको छ। यो साझेदारी अन्तर्गत रु ९९ वा सोभन्दा बढी मूल्यको एनसेल प्याक खरिद गर्ने हरेक ग्राहकले अब बस टिकट बुकिङ, आन्तरिक हवाई यात्रा र साहसिक गतिविधिलगायतका कार्यमा आकर्षक छुट प्राप्त गर्न सक्छन्।

यसका साथै अब ग्राहकहरुले एनसेल एपबाटै डिजिटल रुपमा यात्रा तथा साहसिक गतिविधिसम्बन्धी विविध सुविधाहरू सहजै प्राप्त गर्न सक्ने भएका छन्। यो छुटको सुविधा एनसेल ग्राहकहरूले ट्रिप टर्बोमार्फत यात्राका लागि टिकट लिँदा वा विविध गतिविधिहरूमा आवद्ध हुँदा प्राप्त गर्न सक्नेछन्। सम्झौता अनुसार ग्राहकहरुले विभिन्न मनोरञ्जनात्मक तथा साहसिक गतिविधीमा आठ हजार रुपैयाँसम्मको छुट प्राप्त गर्न सक्नेछन्।

यसका साथै, ग्राहकहरूले पहिलो पटक आन्तरिक हवाई यात्रामा रु २०० र त्यसपछिका प्रत्येक आन्तरिक उडानमा रु १४० अनि बस टिकट बुकिङमा रु १११ छुट प्राप्त गर्न सक्छन्। उक्त विशेष छुटहरुको लाभ एनसेल एपको पार्टनर्ड सर्भिसेज भित्र रहेको ट्रिप टर्बो सेक्सनमा गएर प्राप्त गर्न सकिन्छ। यो सेक्सनले ग्राहकहरूलाई यात्रा, मनोरञ्जनात्मक तथा साहसिक गतिविधिहरूमा सहभागिताका लागि तयारी गर्दा सजिलै छुटहरू खोज्न र प्रयोग गर्न मद्दत गर्दछ।

साझेदारीबारे प्रतिक्रिया दिँदै एनसेलका चीफ कन्ज्युमर बिजनेस अफिसर उपाङ्ग दत्ताले भने, ‘हामी कनेक्टिभिटी मात्र नभएर यात्रा र लाइफस्टाइलसँग जोडिएका विविध फाइदाहरुलाई नजिक ल्याउँदै ग्राहकहरूलाई त्यसको लाभ दिन प्रतिबद्ध छौं। ट्रिप टर्बोसँगको हाम्रो साझेदारीले यो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। एनसेल एप मार्फत ग्राहकहरूले अब यात्रा र विविध गतिविधिहरूमा बचत गर्न सक्छन्, जसले उनीहरूको यात्रालाई अझ सुविधाजनक, फलदायी र किफायती बनाउँछ।’ यो सहकार्य एनसेलको डिजिटल लाइफस्टाइल पार्टनरका रूपमा अघि बढ्ने यात्राको अर्को महत्त्वपूर्ण कदम हो।

एनसेल एपको इकोसिस्टममा नवीन सेवा र विश्वसनीय पार्टनर अफरहरू एकीकृत गर्दै कम्पनीले ग्राहकहरूको अनुभवलाई निरन्तर रूपमा थप परिष्कृत गर्दै परम्परागत दूरसञ्चार सेवाभन्दा फरक लाभहरू प्रदान गरिरहेको जनाएको छ। ट्रिप टर्बोले आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान, बस टिकट, होटेल, होलिडे प्याकेज र ग्राहकले चाहे बमोजिम तयार पारिएका सेवा प्रदान गर्दै आएको छ। यो साझेदारी दैनिक जीवनलाई सरल बनाउन डिजिटल नवीनता प्रयोग गर्ने एनसेलको मान्यतासँग मिल्दछ र ग्राहकहरूलाई थप सुविधा र छनोटको अवसर प्रदान गर्ने गरेको छ।

# चोरी भएको मोटरसाइकल आधा घण्टाभित्र फेला

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको गरुडाबाट चोरी भएको एक मोटरसाइकललाई प्रहरीले ३० मिनेटभित्रै फेला गर्न सफल भएको छ। चोरीमा संलग्न दुई जना आरोपीलाई समेत प्रहरीले रङ्गेहात पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा गढीमाई नगरपालिका–६ बस्ने २० वर्षीय अनिल कुमार साह र सोही स्थानका २० वर्षीय राम नारायण यादव रहेका छन्।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख प्रहरी नायब उपरीक्षक (डीएसपी) शंकर प्रसाद आचार्यका अनुसार उनीहरूलाई चोरीको मोटरसाइकलसहित नियन्त्रणमा लिइएको हो। मंगलबार बेलुकी साढे ६ बजे गरुडा नगरपालिका–४ स्थित एक घर अगाडि पार्किङ गरी राखिएको बा.प्र.०२–०४१ प ३८४९ नम्बरको २२० सीसीको पल्सर मोटरसाइकल अचानक चोरी भएको थियो।

सवारीधनीले आफ्नो मोटरसाइकल गायब भएको थाहा पाउनेबित्तिकै तत्कालै प्रहरीलाई खबर गरेका थिए। मोटरसाइकल चोरी भएको सूचना नियन्त्रण कक्षबाट प्राप्त हुनासाथ गढीमाई नगरपालिका–६ स्थित प्रहरी चौकी धर्मपुरको टोली तुरुन्तै ‘अलर्ट’ भयो।

तस्कर र चोरहरू भाग्न सक्ने सम्भावित बाटोको आकलन गर्दै प्रहरी टोलीले धर्मपुर गाउँबाट बाहिर निस्किने एक मात्र मुख्य पुलमा तत्काल घेराबन्दी गरेको थियो।

बेलुकी ठीक ७ बजे चोरीको सोही पल्सर मोटरसाइकल चढेर भाग्दै गरेका साह र यादवलाई प्रहरीले पक्राउ गर्न सफल भएको हो।

# विद्यार्थीहरुलाई पोषाक वितरण

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको बहुदरमाई नगरपालिका वडा न. ८ रामनगरीस्थित मुखदेव सुशिला प्राविधिक विद्यालयमा अध्ययनरत बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीलाई छात्रवृत्ति कार्यक्रम अन्तर्गत पोशाक वितरण गरिएको छ।

विद्यालयका संस्थापक तथा पूर्व विद्यालय व्यवस्थापन समिति अध्यक्ष मुखदेव प्रसादको अध्यक्षतामा शैक्षिक सत्र २०८२ को छात्रवृत्ति कार्यक्रम अन्तर्गत पोशाक वितरण गरिएको हो। सो अवसरमा प्रधानाध्यापक लक्ष्मीकान्त साहले छात्रवृत्ति तथा प्रोत्साहनमूलक कार्यक्रमले विद्यार्थीमा अध्ययनप्रति रुचि बढाउने विश्वास व्यक्त गरे।

### कलैया उपमहानगरपालिकालाई

# देशकै प्रमुख पालिका बनाउने नगर प्रमुखको उद्घोष



**सिकेन्द्र पासवान**
**कलैया ।**
कलैया उपमहानगरपालिकाका नगर प्रमुख विनोद साहले कलैयालाई देशकै प्रमुख र नमुना स्थानीय तहका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । आर्थिक वर्ष २०८३/८४ का लागि नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्दै आयोजित १७औँ नगरसभा अधिवेशनलाई सम्बोधन गर्दै उनले कृषि, पूर्वाधार विकास र सुशासनलाई प्राथमिकतामा राखेर नगरको समग्र विकासलाई तीव्रता दिने बताएका हुन् ।

वडा नम्बर ४ स्थित करण राज होटलमा सम्पन्न नगरसभाको अध्यक्षता नगर प्रमुख साहले गरेका थिए भने उपप्रमुख रौशन प्रविण विशिष्ट अतिथिका रूपमा सहभागी थिए । प्रमुख प्रशासकीय अधिकृत रेशमलाल कडेलले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रमसँगै आय–व्ययको विवरण प्रस्तुत गरेका थिए । नगरसभामा प्रस्तुत बजेटअनुसार आगामी आर्थिक वर्षका लागि १ अर्ब ६७ करोड ६३ लाख रुपैयाँ बराबरको अनुमानित बजेट विनियोजन गरिएको छ । उक्त बजेटमा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, विशेष तथा समपूरक अनुदान, राजस्व बाँडफाँट तथा आन्तरिक आयलाई प्रमुख स्रोतका रूपमा समेटिएको छ ।

प्रस्तुत विवरणअनुसार संघीय सरकारबाट विभिन्न शीर्षकमा उल्लेखनीय अनुदान प्राप्त हुने अनुमान गरिएको छ भने प्रदेश सरकारबाट पनि समानीकरण, सशर्त तथा विशेष अनुदान प्राप्त हुने प्रक्षेपण गरिएको छ । स्थानीय राजस्व, विज्ञापन कर, रोयल्टी तथा संघीय–प्रदेश राजस्व बाँडफाँटमार्फत आय संकलन गर्ने लक्ष्यसमेत नगरपालिकाले लिएको छ । खर्चतर्फ चालु खर्चका लागि आवश्यक बजेट छुट्याइएको छ भने विकास निर्माण, सडक तथा पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सामाजिक विकास तथा नगर र वडास्तरीय योजनाहरूलाई प्राथमिकतामा राख्दै पूँजीगत खर्चको व्यवस्था गरिएको छ ।

नगर प्रमुख साहले सीमित स्रोत–साधनको अधिकतम उपयोग गर्दै पारदर्शी, जवाफदेही र जनतामुखी स्थानीय शासनमार्फत नगरवासीलाई गुणस्तरीय सेवा प्रदान गरिने बताए । उनले कृषि उत्पादन वृद्धि, पूर्वाधार विस्तार, रोजगारी सिर्जना तथा सेवा प्रवाहमा सुधारमार्फत कलैयालाई देशकै अग्रणी पालिकाका रूपमा स्थापित गर्ने लक्ष्य रहेको स्पष्ट पारे ।

उपप्रमुख रौशन प्रविणले प्रस्तुत नीति तथा कार्यक्रमले नगरको आर्थिक, सामाजिक तथा भौतिक विकासलाई नयाँ गति दिने विश्वास व्यक्त गर्दै सबै पक्षको सहकार्यबाट योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने बताए । अधिवेशनमा २७ वटै वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य, सुरक्षा निकायका प्रतिनिधि, सञ्चारकर्मी, बुद्धिजीवी तथा सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रम तथा बजेटमाथि छलफल गरी आवश्यक सुझाव संकलन गरिने र आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याइने जनाइएको छ ।

# पाँच दिनदेखि हात्तीको आतंक, शिकारीबासमा पाकेको धानबाली सखाप

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरी गाउँपालिका–३ स्थित शिकारीबासमा जंगली हात्तीको बथानले पाँच दिनदेखि निरन्तर आतंक मच्चाएपछि स्थानीय किसान समस्यामा परेका छन् । भित्र्याउने तयारीमा रहेको चैते धानबाली हात्तीले नष्ट गर्न थालेपछि किसानको वर्षभरिको मेहनत जोखिममा परेको छ । स्थानीयका अनुसार राति ९ देखि १२ वटासम्मको हात्तीको समूह गाउँ नजिकका खेतमा पस्ने गरेको छ ।

किसान बमभोला महतो थारुले केही दिनयता हात्तीले पाकेको धानबालीमा व्यापक क्षति पु¥याइरहेको बताए । उनका अनुसार काट्ने तयारीमा पुगेको धान केही क्षणमै नष्ट हुँदा किसान निराश बनेका छन् । हात्तीको आक्रमणबाट बिगा चौधरी, दिलिप गौरो, सञ्जय चौधरीलगायतका किसानको करिब दुई कठ्ठा क्षेत्रफलमा लगाइएको धानबाली नष्ट भइसकेको छ । त्यस्तै किसान बिनोद यादवले रोपाइँका लागि तयार पारेको असारे धानको बेर्नासमेत हात्तीले सखाप पारेको स्थानीयले बताएका छन् ।



वन्यजन्तुका कारण खेतीपाती जोगाउन हरेक वर्ष संघर्ष गर्नुपरेको किसान दुखा महतोको गुनासो छ ।

उनका अनुसार धान पाक्ने समयमा हात्तीको समस्या दोहोरिने गरेको छ भने अन्य मौसममा बदेल, चित्तल र बाँदरले खेतीमा क्षति पु¥याउने गरेका छन् ।

यसले किसानले उत्पादन गरेको बालीको ठूलो हिस्सा नष्ट हुने गरेको उनी बताउँछन् ।

चितवन र पर्सा राष्ट्रिय निकुञ्जको सीमावर्ती क्षेत्रमा रहेको शिकारीबासका ५२ घरधुरीको मुख्य जीविकोपार्जन खेतीपाती हो । तर वन्यजन्तुको नियमित प्रवेशका कारण कृषि उत्पादनमा वर्षेनि ठूलो क्षति व्यहोर्नुपरेको स्थानीयको भनाइ छ । भौगोलिक रूपमा दुर्गम रहेको यो बस्ती वीरगंज–ठोरी हुलाकी सडकबाट करिब सात किलोमिटर जंगल पार गरेपछि मात्र पुगिन्छ । गाउँमा सडक, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सुविधाको अभाव रहेको स्थानीय बताउँछन् ।

शिकारीबास खोलामार्फत गाउँसम्म पुग्नुपर्ने भएकाले वर्षायाममा आवतजावत झन् कठिन बन्ने गरेको छ । गाउँमा कक्षा ५ सम्म मात्र अध्ययनको व्यवस्था भएकाले उच्च कक्षामा पढ्न विद्यार्थीले दैनिक करिब २४ किलोमिटर साइकल यात्रा गर्नुपर्ने बाध्यता छ । स्वास्थ्य चौकी भए पनि पर्याप्त जनशक्ति र औषधि अभावका कारण सामान्य उपचारका लागि समेत बाहिर जानुपर्ने अवस्था रहेको स्थानीयको गुनासो छ ।

स्थानीय बासिन्दाले वन्यजन्तुबाट हुने क्षति नियन्त्रण, बाली संरक्षण तथा पीडित किसानलाई राहत उपलब्ध गराउने प्रभावकारी कार्यक्रम सञ्चालन गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

### देवताल गापाको ३९ करोड ७० लाखको बजेट,

# कृषि र पूर्वाधार विकासलाई प्राथमिकता

**मधेशदृष्टि**
**कलैया ।**
बाराको देवताल गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ३९ करोड ७० लाख ३१ हजार रुपैयाँ बराबरको बजेट, नीति तथा कार्यक्रम पारित गर्दै १६औँ गाउँसभा सम्पन्न गरेको छ । गाउँपालिका अध्यक्ष उदय प्रसाद यादवको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सितापति देवी यादवको बिशेष उपस्थिति थियो । गाउँसभामा अध्यक्ष यादवले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र अनुमानित आय–व्यय विवरण प्रस्तुत गरेका थिए । सार्वजनिक गरिएको बजेटमा कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, सिंचाइ, सामाजिक सुरक्षा तथा पूर्वाधार विकासलाई मुख्य प्राथमिकतामा राखिएको जनाइएको छ । गाउँपालिकाले कृषिको आधुनिकीकरण, सिंचाइ विस्तार, विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, स्वास्थ्य संस्थाको सुदृढीकरण, ग्रामीण सडक स्तरोन्नति तथा खानेपानी




व्यवस्थापनका कार्यक्रमलाई विशेष प्राथमिकतासाथ अघि बढाउने जनाएको छ ।

साथै महिला, दलित, विपन्न तथा पिछडिएका समुदायको उत्थानका लागि लक्षित कार्यक्रमहरू पनि बजेटमा समावेश गरिएको छ ।गाउँसभामा प्रमुख प्रशासकीय अधिकृत कृष्णनन्द रायको कार्यसम्पादनको विशेष प्रशंसा गरिएको थियो । गाउँपालिका अध्यक्षसहित विभिन्न जनप्रतिनिधिहरूले सीमित स्रोत–साधनका बाबजुद प्रशासनलाई व्यवस्थित, पारदर्शी र जनउत्तरदायी बनाउन रायले उल्लेखनीय योगदान पु¥याएको बताए । जनप्रतिनिधि र कर्मचारीबीच प्रभावकारी समन्वय कायम गर्दै विकास निर्माणका कार्यलाई गति दिन, आर्थिक अनुशासन कायम गर्न तथा सेवाग्राहीलाई छिटोछरितो सेवा उपलब्ध गराउन उनको भूमिका महत्वपूर्ण रहेको धारणा व्यक्त गरिएको थियो ।स्वागत मन्तव्य व्यक्त गर्दै प्रमुख प्रशासकीय अधिकृत रायले गाउँपालिकाको समग्र विकासका लागि जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज र स्थानीयवासीबीचको सहकार्य अपरिहार्य रहेको बताए । उनले सुशासन, पारदर्शिता र उत्तरदायी प्रशासनमार्फत सेवा प्रवाहलाई अझ प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गरे । गाउँसभा समापन गर्दै अध्यक्ष यादवले आगामी आर्थिक वर्षमा विकास निर्माणका कामलाई थप तीव्रता दिँदै जनताको आवश्यकता र अपेक्षालाई केन्द्रमा राखेर काम गरिने बताए । समृद्ध, आत्मनिर्भर र विकासोन्मुख देवताल निर्माणका लागि सबै पक्षको साथ, सहयोग र सुझाव आवश्यक रहेको उनको भनाइ थियो । गाउँसभामा वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, गाउँपालिकाका कर्मचारी, सुरक्षाकर्मी, स्थानीय बुद्धिजीवी, समाजसेवी तथा भद्रभलाद्मीहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

# महागढीमाई नगरपालिकाको बजेट ७२ करोड ८२ लाख ३४ हजार रुपैयाँ




**मधेशदृष्टि**
**कलैया ।**
बाराको महागढीमाई नगरपालिका को १०औँ नगरसभा सम्पन्न भएको छ । नगर कार्यपालिकाको कार्यालय बरियारपुरमा आयोजित नगरसभामा आर्थिक वर्ष २०८३÷८४ का लागि ७२ करोड ८२ लाख ३४ हजार रुपैयाँको बजेट प्रस्तुत गरिएको छ । नगरसभाको अध्यक्षता नगर प्रमुख उपेन्द्र यादवले गरेका थिए । सभामा उपप्रमुख तारा देवी कानुले आगामी आर्थिक वर्षका लागि प्रस्तावित बजेट प्रस्तुत गरेकी थिइन् ।

प्रस्तुत बजेटमा नगरको समग्र विकास, भौतिक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सरसफाइ, सामाजिक सुरक्षा तथा रोजगार प्रवद्र्धनलगायतका क्षेत्रलाई प्राथमिकतामा राखिएको जनाइएको छ । नगर प्रमुख यादवले बजेटले नगरवासीको आवश्यकता र अपेक्षालाई सम्बोधन गर्दै समृद्ध तथा व्यवस्थित नगर निर्माणमा योगदान पु¥याउने विश्वास व्यक्त गरे । उनले विकास निर्माणका योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी नगरको आर्थिक तथा सामाजिक रूपान्तरणलाई तीव्रता दिइने बताए ।

नगरसभामा नगर कार्यपालिका सदस्य, वडा अध्यक्ष, नगरसभा सदस्य, कर्मचारी तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो । प्रस्तुत बजेटमाथि छलफलपछि आवश्यक सुझावहरू समेट्दै आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गरिने नगरपालिकाले जनाएको छ ।

### वीरगंजमा अत्यधिक गर्मीले जनजीवण कष्टकर

# बिहीबार र शुक्रबार विद्यालय बन्द

**मधेशदृष्टि**
**वीरगंज।**
पछिल्ला केही दिनयता बढेको अत्यधिक गर्मीका कारण वीरगंजको जनजीवन प्रभावित बनेको छ। उच्च तापक्रमका कारण विशेषगरी बालबालिका, वृद्धवृद्धा तथा विभिन्न रोगका बिरामीहरू बढी प्रभावित भएका छन्।

यसैविच वीरगंज महानगरपालिकाले असार ११ गते देखि १२ गतेसम्म दुइ दिन महानगर क्षेत्रका सम्पुर्ण विद्यालयहरू विदाको घोषना गरेको छ। महानगर शिक्षा महाशाखाले बुधवार विज्ञप्ती जारि गर्दै विदा घोषणा गरेको हो। गर्मी बढेसँगै दिउँसोको समयमा सडकमा आवागमन पातलिएको छ । दैनिक ज्यालादारी गरेर जीविकोपार्जन गर्ने श्रमिकहरू भने गर्मीकै बीच काम गर्न बाध्य हुँदा थप समस्यामा परेका छन्।

स्वास्थ्यकर्मीहरूले अत्यधिक गर्मीबाट बच्न आवश्यक सावधानी अपनाउन आग्रह गरेका छन् । चिकित्सकहरूले दिउँसो घरबाहिर निस्कँदा छाता प्रयोग गर्न, प्रशस्त पानी पिउन तथा सकेसम्म घाममा लामो समय नबस्न सुझाव दिएका छन् । यता, विद्युतको अनियमित कटौतीले सर्वसाधारणको समस्या झन् बढाएको छ । गर्मीका बेला पटक–पटक हुने विद्युत अवरोधका कारण घर तथा व्यवसायिक क्षेत्रमा समेत असहज अवस्था सिर्जना भएको स्थानीयवासीको गुनासो छ।

# मौलापुरको नगर अधिवेशन सम्पन्न ४२ करोड ४० लाख बजेट सार्वजनिक

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको मौलापुर नगरपालिकाको बुधबारसम्पन्न दशौं नगर अधिवेशनमा आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रममा झण्डै ४२ करोड ३० लाख रुपैयाको बजेट प्रस्तुत गरेको छ।

मौलापुर नगरपालिकाका मेयर रिना कुमारी साहले विगतदेखी महत्व दिदै राखिएका योजनालाई यस बजेटमा पनि निरन्तरता दिएको बताउनु भयो । प्रस्तुत आ.व. २०८३/०८४ को बजेटमा नगरपालिकाले 'नगर मास्टर' र 'नगर डाक्टर'लाई निरन्तरता दिनुका साथै नगरबासीलाई 'निशुल्क बिजुली', 'निशुल्क पानी' तथा छोरीसंग मेयर कार्यक्रम'लाई पनि निरन्तरता दिएको छ।




दलित समुदायका लागि नमूना एकीकृत दलित बस्ती निर्माण तथा 'कच्ची सडक मुक्त नगर' सहित आधुनिक पूर्वाधार विकासको घोषणा गरेको छ। यस्तो घोषना गर्ने मधेश प्रदेशमा नै मौलापुर नगरपालिका मात्रै हो।

यसैगरी नगरपालिकाद्धारा संचालित कायृक्रमहरु धुवा मुक्त अभियान, कच्ची सडक मुक्त नगर, हर हातमे हुनर, निशुल्क बिजुली, निशुल्क पानी, बेटीके साथ मेयर, साक्षरता अभियान, झोपडी मुक्त नगर जस्ता अभियानहरुलाई पथमिकता दिइएको छ । 'शासक होइन, सेवकको मान्यतालाई आत्मसात गर्दै नगर प्रहरीको सट्टा नगर शिक्षक र नगर चिकित्सकको व्यवस्था गरेर जनताको वास्तविक सेवक व्यवहारतह स्थापित गरियको मेयर साहले बताइन्।

'जनतामाथि बोझ होइन, जनताको सहारा हौं भन्ने मन्त्र अनुरुप जनताबाट कुनै किसिमको शुल्क, महशुल्क, कर र राजश्व नलिने 'शुन्य कर' नीति अवलम्बन गरेका छौं– मेयर साहको उदघोष थियो।

# वीरगंज मुख्य सडक विस्तारको लागि १ अर्ब २ करोड ५० लाख बजेट



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको मुख्य सडक विस्तारका लागि संघीय सरकारले एक अर्ब दुई करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । गण्डक चोकदेखि मितेरी पुलसम्मको सडक विस्तारका लागि उक्त रकम छुट्याइएको सडक डिभिजन कार्यालय हेटौंडाले जनाएको छ।

कार्यालय प्रमुख इन्जिनियर किरण कार्कीका अनुसार सडक विस्तार आयोजनाको विस्तृत परियोजना प्रतिवेदन अर्थात् डीपीआर तयार भइसकेको छ । बहुवर्षीय योजनाअन्तर्गत यथाशीघ्र ठेक्का सम्झौता गर्ने तयारी भइरहेको उनले बताएका छन् । आर्थिक वर्ष २०८३÷८४ को बजेटमार्फत औद्योगिक करिडोर अर्थात् व्यापारिक मार्ग विस्तार आयोजनाका लागि यो बजेट विनियोजन गरिएको हो।

सडक सीमाभित्र बाँकी रहेका संरचना हटाउन असार २ गते पुनः पाँच दिने सूचना जारी गरिए पनि स्थानीय व्यापारी तथा सरोकारवालाको आग्रहपछि तत्कालका लागि प्रक्रिया स्थगित गरिएको छ । वीरगंज युवा तथा व्यापारी सडक पीडित संघर्ष समितिसहित घरधनी र व्यवसायीहरुले भने आन्दोलनलाइ यथावत राखेका छन्।

## सम्पादकीय

# वीरगंज महानगरपालिकाको बजेट: महत्वाकांक्षा र चुनौतीबीचको सन्तुलन

वीरगंज महानगरपालिकाले आर्थिक वर्ष २०८३÷८४ को लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटले महानगरको भविष्यप्रतिको महत्वाकांक्षालाई उजागर गरेको छ। कार्यवाहक प्रमुख इम्तियाज आलमले २०औँ नगरसभामा प्रस्तुत गरेको कार्यक्रममा पूर्वाधार विकास, वन तथा वातावरण, विपद् व्यवस्थापन, आर्थिक विकास, सामाजिक विकास र सुशासनलाई प्रमुख प्राथमिकतामा राखिएको छ।
महानगरलाई डिजिटल, सुशासनयुक्त, नागरिक–केन्द्रित सेवा प्रणाली भएको, हरित तथा दिगो सहरी संरचनायुक्त, उद्यमशीलता र लगानीको केन्द्र, तथा अवसर सिर्जना गर्ने आर्थिक केन्द्रका रूपमा रूपान्तरण गर्ने लक्ष्य राखिएको छ । यी लक्ष्यहरू वीरगंजको समग्र विकासका लागि महत्वपूर्ण छन् र यसले महानगरको दीर्घकालीन सोचलाई प्रतिबिम्बित गर्दछ।

यस वर्षको बजेटको आकार करिब ४.३ अर्ब रुपैयाँ रहेको छ, जुन महानगरको इतिहासमा सबैभन्दा ठूलो बजेट प्रस्ताव हो। तर, यो महत्वाकांक्षी बजेटसँगै केही गम्भीर वित्तीय चुनौती पनि देखिएका छन्। अघिल्लो आर्थिक वर्षको ठूलो बजेट घाटा र राजस्व संकलनमा देखिएको कमजोरीले महानगरको वित्तीय अवस्था कमजोर बनाएको छ। आन्तरिक राजस्व संकलनको अनुमानित लक्ष्य पूरा नहुँदा करिब १ अर्ब रुपैयाँको घाटा बेहोर्नुपरेको र अवकाशप्राप्त कर्मचारीहरूको उपदान भुक्तानीमा समेत समस्या देखिएको छ। संघीय सरकारबाट प्राप्त हुने अनुदानमा निर्भरता र प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने अनुदानमा समेत ढिलाइले महानगरको वित्तीय व्यवस्थापनमा थप जटिलता थपेको छ।

नीति तथा कार्यक्रममा दिगो विकास लक्ष्यको स्थानीयकरण, आधुनिक तथा गुणस्तरीय शहरी पूर्वाधार निर्माण, सुरक्षित र व्यवस्थित बस्ती विकास, शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि, कृषि तथा उद्यम विकास, लगानी तथा पर्यटन प्रवद्र्धन, सुशासन, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा तथा समावेशी विकासलाई प्रमुख प्राथमिकताका रूपमा अघि सारिएको छ। यी सबै क्षेत्रमा लगानी र कार्यक्रमहरू आवश्यक छन्, तर बजेटको आकार र वित्तीय यथार्थताबीचको सन्तुलन मिलाउनु चुनौतीपूर्ण देखिन्छ। नयाँ कार्यक्रमहरू भन्दा पनि नियमित कार्यक्रमहरूको निरन्तरतामा जोड दिइएको भनाइले वित्तीय संकटको संकेत गर्दछ।

मेयर राजेशमान सिंह निलम्बनमा परेको अवस्थामा कार्यवाहक प्रमुखले बजेट प्रस्तुत गर्दा यसको कार्यान्वयनमाथि पनि प्रश्न उठ्न सक्छ । यस्तो संवेदनशील अवस्थामा वित्तीय अनुशासन र सुशासन अझ महत्वपूर्ण हुन्छ। राजस्व संकलनमा कडाइ र खर्चमा मितव्ययिता अपनाउनुपर्ने आवश्यकता छ। महानगरले सम्पत्ति करलगायतका आन्तरिक स्रोतबाट राजस्व बढाउन सक्ने सम्भावना भए पनि घरजग्गा कर संकलनमा संघीय र स्थानीय सरकारबीचको विवादले समस्या सिर्जना गरेको देखिन्छ। यसले महानगरको आन्तरिक आय वृद्धिमा बाधा पुर्याएको छ।

अन्त्यमा, वीरगंज महानगरपालिकाको यो बजेटले विकासको महत्वाकांक्षा बोकेको भए पनि यसको सफल कार्यान्वयनका लागि गम्भीर वित्तीय व्यवस्थापन र सुशासन अपरिहार्य छ । यथार्थपरक राजस्व प्रक्षेपण, प्रभावकारी खर्च प्रणाली, र वित्तीय पारदर्शिताले मात्रै महानगरले देखेका सपनाहरू साकार पार्न सक्छ । अन्यथा, यो बजेट पनि विगतका बजेटहरू जस्तै घाटामा जाने र महानगरको वित्तीय अवस्था थप कमजोर बन्ने जोखिम रहन्छ । महानगरवासीले यस बजेटबाट दिगो विकास र समृद्धिको अपेक्षा गरेका छन्, जसलाई पूरा गर्न नेतृत्वले दृढ इच्छाशक्ति र कुशल व्यवस्थापन देखाउनु आवश्यक छ।

# सीमान्तकृत समुदायलाई पहिचान जोगाउनै सास्ती

मिला दरै/रासस

‘कामको सिलसिलामा धेरै समय घर बाहिर भइन्छ, त्यतिबेला आफ्नो भाषा बोलिँदैन, हामीले काम गर्दै गर्दा खस भाषा मात्रै बोलियो। अहिले हाम्रो भाषा हराउने अवस्थामा पुगेको छ,’ आँबुखैरेनी गाउँपालिका–२ घुम्तीका इन्द्रबहादुर भुजेलले गुनासो गरे। आफ्नो भाषा कम बोलिने अवस्थाका कारण नयाँ पुस्ताले पनि भाषा सिक्न नसकेको उनले सुनाए।
पहिले त विद्यालयसम्म पुगेर पढ्ने अवस्था थिएन। एकापसमा भाषा बोलिएको हो र अहिले आफ्नो भाषामा पठनपाठन नहुने र खस भाषामा पढ्न सिक्दा आफ्नो मातृभाषा नै बोल्न नजान्ने भएका उन बताउँछन् । ‘सिक्नुपर्छ भन्ने कुरा कहिलेकाहीँ हुन्छ,’ उनी भन्छन्, ‘सबैलाई मिल्ने भाषा बोलिँदा नै हामीले आफ्नै भाषा बिर्सिएका छौँ।’
व्यास नगरपालिका–१० बोटेगाउँका हर्षबहादुर बोटे पनि आफ्नो समुदायका बालबालिकाले परम्परागत भाषा नजानकामा चिन्तित छन् । उनी भन्छन्, ‘हामी काममा हिँड्नुपर्छ, छोराछोरीलाई विद्यालय पठाइन्छ, उनीहरूले भाषा, कला, संस्कार, संस्कृतितर्फ ध्यान दिन सकेका छैनन्। उसो त बोटे समुदायको भाषा मात्र हैन पेसा जोखिममा छ । सुन चाल्ने मादी, सेती, बूढीगण्डकी, त्रिशूली र कालीगण्डकी नदीमा जेसिबी लगाएर गिट्टी, बालुवा निकाल्दा पेसा सङ्कटमा परेको छ।’
त्यस्तै, गुनासो व्यास नगरपालिका–१० डिहीगाउँका सीमान्त कुसुण्डाको पनि छ । उनी भन्छन्, ‘भाषाको महत्व छ भनेर बुझ्दै गएको छु । मलाई कुसुण्डा भाषा बोल्न सिकाउने बाबु बितेपछि त्यो भाषा घरभित्रै हरायो ।’ विश्वमा नै दुर्लभ मानिएको कुसुण्डा भाषा सिकाउने व्यक्तित्व कहाँ खोज्ने र सिक्ने भन्ने चिन्ता लाग्ने गरेको उन बताउँछन् । ‘बाबासँग बिलीन भएको मेरो भाषा संरक्षण र बोल्न सिक्ने ठाउँ चाहिएको छ, यसका लागि सरकारी सहयोगको आशा छ,’ उनस् भन्छन्।
कुसुण्डा भाषा जोगाउन सङ्घर्ष गरिरहनुभएका सीमान्तजस्तै गण्डकीका धेरै सीमान्तकृत समुदाय अहिले आफ्नो पहिचान, भाषा, संस्कार, संस्कृति र परम्परा जोगाउने लडाइँमा छन्।
नेपाल सरकारले आदिवासी जनजाति, लोपोन्मुख र सीमान्तकृत समूह भनेर सूचीकृत गरेको छ । ती समुदायमध्ये गण्डकी प्रदेशमा लोपोन्मुख तथा सीमान्तकृत समूहमा पर्ने कुसुण्डा, दरै, बोटे भुजेल, हायु, थकाली, छन्त्याल, बरामलगायत समुदायको बसोबास छ।
राज्यले समावेशीकरण, समानुपातिक प्रतिनिधित्व र सामाजिक न्यायका नीति अघि सारे पनि कुसुण्डाका साथै दरै (दराई), बोटे र भुजेलजस्ता सीमान्तकृत अल्पसङ्ख्यक समुदाय अझै विकासको मूलधारबाट अपेक्षित रूपमा पुग्न सकेका छैनन्।
नेपालका सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदायको सामाजिक, आर्थिक र राजनीतिक अवस्थामा पछिल्ला वर्षहरूमा केही सुधार देखिए पनि उनीहरू अझै पनि गरिबी, शिक्षा, स्वास्थ्य, रोजगारी र प्रतिनिधित्वका क्षेत्रमा विभिन्न चुनौतीसँग जुधिरहेका छन् । संविधानले समानता, समावेशिता र सामाजिक न्यायको प्रत्याभूति गरे पनि व्यवहारमा धेरै समुदाय अझै विकासको मूलधारबाट टाढा छन्।
हिमाल, पहाड र तराईमा फैलिएका १४० भन्दा बढी जातजाति र १२० भन्दा बढी भाषाले नेपालको पहिचान निर्धारण गरेको छ। तर, यही विविधताभित्र केही समुदाय यस्ता पनि छन्, जसको अस्तित्व, भाषा र संस्कृति आज गम्भीर सङ्कटमा छन्।
राष्ट्रिय जनगणना–२०७८ अनुसार भुजेल समुदायको जनसङ्ख्या करिब एक लाख २० हजार २४५ पुगेको छ । दरै समुदायको जनसङ्ख्या १८ हजार ६९५, बोटे समुदायको ११ हजार २५८ छ। कुसुण्डा समुदायको जनसङ्ख्या अत्यन्त कम छ। कुसुण्डाको सङ्ख्या २०० भन्दा कम छ । जनसङ्ख्याको हिसाबले कम भए पनि यी समुदायले नेपालको सांस्कृतिक विविधतालाई जीवन्त राखेका छन्।
तनहुँमा कसुण्डा परिवारको एक घर छ। गोरखामा पनि कुसुण्डाको बसोबास छ । तनहुँ मुख्य केन्द्र रहेको दरै समुदाय गोरखा र नवलपुरमा पनि भेटिन्छ। भुजेल तनहुँ, गोरखा, स्याङ्जा, कास्की र लमजुङमा छन् । बरामको बसोबास गोरखालाई मानिएको छ । हायु गोरखा र आसपासका क्षेत्रमा बस्दै आएका छन्। छन्त्याल म्याग्दी र बाग्लुङमा बस्दै आएका छन्।

**दरै समुदाय**

यस समुदायको थातथलो तनहुँको दमौली र मादी नदीको किनार हो । उनीहरूको जनसङ्ख्यामध्ये २३.५ प्रतिशत उद्गम थलो तनहुँमा नै छन्। बाँकी अरू जिल्लामा छरिएका छन्। मातृभाषा बोल्ने १२ हजार १६५ जना छन्। कुल जनसङ्ख्याको ६५.०२ प्रतिशतले भाषा बोल्न सक्ने तनहुँ दरै समाजका अध्यक्ष ठाकुरबहादुर दरैले जानकारी दिए।
दरै समुदायको भाषा, रहनसहन, संस्कृति र संस्कार रहे पनि लिपि भने नभएको उनले बताए। दरै भाषा भारोपेलीमा पर्ने भएकाले अरू जनजातिको भन्दा फरक रहेको छ। उनका अनुसार पहाड र तराईका फाँट, टार, उर्वराभूमि भएको र सकभर पानीको सुविधा भएको ठाउँमा दरैको बसोबास छ।
‘विगतमा गाउँबस्तीका अगुवाका रूपमा मुखिया हुने गर्दथ्यो । पारिवारिक झैझगडा मिलाउन, गाउँ ठाउँमा रीतिथिति बसाउन, अपराधीलाई दण्ड सजाय दिन र सार्वजनिक हितका कार्य गर्न समुदायको परिचालन गर्न मुखियाले नेतृत्वकारी भूमिका लिनाका साथै पूजाआजाको व्यवस्था मिलाउने र परम्परागत स्वास्थ्य उपचार गर्ने प्रचलन थियो,’ अध्यक्ष दरैले भने। उनका अनुसार धेरै कुरा छुट्दै आए पनि परम्परागत पूजाआजाले भने निरन्तरता पाइरहेको छ।

**बोटे समुदाय**

तनहुँ र कास्की हुँदै बग्ने मादी नदी, सेती नदी र कालीगण्डकी नदीको किनारा यिनीहरूको थातथलो मानिन्छ । कुनै समयका फिरन्ते यस जातिको बासस्थान छरिएको छ। राष्ट्रिय जनगणना २०७८ का अनुसार ११ हजार २५८ मध्ये गण्डकीको पूर्वी नवलपरासी (नवलपुर) २२ प्रतिशत, तनहुँमा १४ प्रतिशत बसोबास छ। कुल जनसङ्ख्याको ६८ प्रतिशतले भाषा बोल्ने गरेका छन्।
पेसाका आधारमा यो समुदायलाई दुई समूहमा वर्गीकृत गरिएको छ, पाखे बोटे र पानी बोटे। पाखे बोटे कृषि र पशुपालनमा आधारित हुन्छन् भने पानी बोटे डुङ्गा खियाउने र माछा मारेर जीविका चलाउने बोटे समाज नेपालका महासचिव शेरबहादुर बोटेले बताए। साथै पानी बोटेको परम्परागत पेसा नदीको बालुवा चालेर सुन खोज्ने रहेको उनको भनाइ थियो।

**भुजेल समुदाय**

भुजेल समुदायको बाग्लुङको ढोरपाटन उपत्यकास्थित भुजी क्षेत्रलाई उद्गम थलो मानिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार कुल एक लाख २० हजार २४५ छ। तीमध्ये गण्डकी प्रदेशमा २४ प्रतिशतको बसोबास रहेको देखिन्छ । कुल जनसङ्ख्याको १०.९ प्रतिशतले मात्रै भाषा बोल्न सक्ने अवस्था रहेको भुजेल समाज केन्द्रीय महिला अध्यक्ष बसुन्धरा घर्तीले बताए। यस समुदायको मुख्य धर्म प्रकृति पूजा हो। तर, यस समुदायको मुख्य पर्व उधौली उभौली भएको उनले बताए।
उनका अनुसार कृषि, पशुपालनका साथै हस्तकलाका रूपमा बाँसको चोयाबाट डोको, नाम्लो, नाङ्लो (सुपो), डालोलगायत सामग्री उत्पादन गर्ने गर्दछन्। यसका साथै ज्यालादारी तथा मजदुरीमा आबद्ध भएको पाइएको घर्तीले बताए।

**नदी, वन र प्रकृतिसँग जोडिएको जीवन**

जल, जमिन र जङ्गलसँग सम्बन्धित भएर बसोबास गर्न रुचाउने सीमान्तकृत अल्पसङ्ख्यक समुदाय यीसँग टाढिएर रहन मुस्किल भएको बताउँदै आएका छन् । केही दशकअघिसम्म दराई र बोटे समुदायको जीवन नदीसँग जोडिएको थियो। तनहुँ, चितवन, नवलपुर, गोरखा र आसपासका क्षेत्रमा बसोबास गर्ने दराई समुदाय खेतीपाती गर्ने र वनजन्य उत्पादनमा निर्भर रहेको पाइन्छ। उनीहरूको आफ्नै भाषा, वेशभूषा, संस्कार, संस्कृति र सामाजिक संरचना छ।
नेपालमा सडक सञ्जाल विस्तार, शिक्षा र सञ्चारको पहुँच बढ्दै जाँदा यी समुदायको जीवनशैलीमा पनि परिवर्तन आएको छ। विद्यालय जाने बालबालिकाको सङ्ख्या बढेको छ। सरकारी सेवामा प्रवेश गर्ने युवा पनि बढ्दै गएका पाइन्छ। तर, विकासले अवसर मात्र ल्याएन, चुनौती पनि थपिएको महसुस भएको बताउने गरेका छन्।
बोटे समुदायको परम्परागत डुङ्गा व्यवसाय पुल निर्माणपछि लगभग समाप्त भएको छ । नदी पार गराउने कामबाट जीविका चलाउने परिवार आज मजदुरी वा वैदेशिक रोजगारमा निर्भर हुन थालेको समाजका महासचिव शेरबहादुरले बताए।
दरै समुदायमा पनि परम्परागत कृषि पेसा क्रमशः घट्दै गएको छ। नदी प्रदूषण, जलवायु परिवर्तन र जलस्रोतको दोहनले उनीहरूको पुरानो जीवनशैली प्रभावित बनेको अध्यक्ष ठाकुरबहादुरले बताए । ‘बालबालिकादेखि नै प्रविधिको उपयोग गरिँदै गर्दा मातृभाषा नै बोल्न छाडिएको छ। जसले भाषा लोप भएको छ,’ उनले भने।
कुसुण्डा समुदायमा त झन् ठूलो परिवर्तन आएको छ । जङ्गलमा आधारित घुमन्ते जीवन अन्त्य भइसकेको छ। अधिकांश कुसुण्डा परिवार स्थायी बस्तीमा बस्न थालेका छन्। तर, आधुनिक जीवनमा घुलमिल हुने क्रममा उनीहरूको भाषा र सांस्कृतिक पहिचान गुम्ने खतरा छ।

**सङ्कटमा भाषा**

यी समुदायको सबैभन्दा ठूलो चुनौती भाषा संरक्षण मानिएको छ। भाषासँग जोडिएका कला, संस्कार र संस्कृति लोप हुँदै गएका छन्। नेपालमा मातृभाषा बोल्नेको सङ्ख्या निरन्तर घटिरहेको छ । दरै समुदायका धेरै युवाले बोलचालमा नै पूर्णरूपमा खस भाषालाई प्राथमिकता दिन थालेका भादगाउँ दरै समाजका कोषाध्यक्ष वीरबहादुर दरैले बताए।
‘बालबालिकासँगै घरका भाषाका विज्ञ नै बोल्न छाडिदिएपछि बालबालिकाले सिक्न सकेका छैनन् । शिक्षा नै खस भाषामा हुने भएकाले घरमा पनि बालबालिकासँग बोल्ने बनाउन सकिएको छैन । घरमा भाषा बोल्न सिकाउने क्रममा विद्यालय शिक्षाका लागि बोलिने खस भाषा नै बोल्न नसक्ने हुँदा पठनपाठनमा समस्या हुने गरेको पाइएको छ,’ उनले भने।
त्यस्तै, बोटे समुदायमा पनि मातृभाषा बोल्ने नयाँ पुस्ताको सङ्ख्या घट्दो छ । यस समुदायका कतिपयले त भाषा नै बोल्न नसक्ने अवस्था पुगेका छन् । भाषा पठनपाठनमा ल्याउनकै लागि पनि प्रशिक्षक नपाउने अवस्थामा रहेको बोटे समाजका केन्द्रीय महासचिव शेरबहादुरले बताए।
भुजेल समुदायको अवस्था पनि उस्तै छ। कुसुण्डा भाषाको अवस्था झन् संवेदनशील बनेको छ। केही दशकअघि यो भाषा पूर्ण रूपमा लोप हुने अवस्थामा पुगेको थियो । पछिल्ला वर्षमा भाषा संरक्षणका केही प्रयास भए पनि भाषा बोल्ने व्यक्तिको सङ्ख्या अत्यन्त कम छ। भाषा केवल सञ्चारको माध्यम होइन, समुदायको इतिहास, ज्ञान, संस्कृति र पहिचानको भण्डार पनि हो। भाषा हराउनु भनेको एउटा सभ्यता हराउनु हो।

**शिक्षामा सुधार, तर गुणस्तरीय पहुँच अझै चुनौतीपूर्ण**

विगतको तुलनामा यी समुदायमा शिक्षाको पहुँच बढेको छ। सरकारले छात्रवृत्ति, आरक्षण र विभिन्न लक्षित कार्यक्रम सञ्चालन गरेसँगै आधारभूत शिक्षाको पहुँच पुगेको हो । दरै, बोटे र भुजेल समुदायका विद्यार्थी विद्यालय र विश्वविद्यालयसम्म पुग्न थालेका छन् भने केही युवा निजामती सेवा, सेना, प्रहरी, पत्रकारिता र शिक्षण पेसामा पनि स्थापित भएको पाइन्छ। तर, ग्रामीण क्षेत्रमा अझै पनि विद्यालय छाड्ने दर उच्च रहेको छ। आर्थिक अभाव, रोजगारीको दबाब र शैक्षिक वातावरणको कमीले यी समुदायका अधिकांश विद्यार्थीले उच्च शिक्षा हासिल गर्न सकिरहेका छैनन्।
विशेषगरी कुसुन्डा समुदायका बालबालिकालाई मातृभाषामा शिक्षा उपलब्ध गराउने व्यवस्था अझै पर्याप्त छैन। यसले भाषा संरक्षणलाई थप चुनौतीपूर्ण बनाएको देखिन्छ।

**गरिबीको चक्र अझै कायम**

अधिकांश दराई, बोटे, कुसुण्डा र भुजेल परिवार आज पनि न्यून आय भएका समूहमा पर्दछन् । खेतीयोग्य जमिनको अभाव, सीपमूलक तालिमको कमी, सीमित रोजगारीका अवसर र परम्परागत पेसाको अन्त्यले उनीहरूको आर्थिक अवस्था कमजोर बनेको हो।
अन्य समुदायका युवा गुणस्तरीय शिक्षा, रोजगारीको पहुँचको खोजीमा गाउँ छाड्ने गरेको पाइन्छ भने यी समुदायका गुणस्तरीय शिक्षाको अभावले नै युवाहरू खाडी मुलुक, मलेसिया, दक्षिण कोरिया र भारतमा रोजगारी खोज्न बाध्य छन् । गाउँमा वृद्ध, महिला र बालबालिका मात्र रहने प्रवृत्ति बढ्दै गएको देखिन्छ। आर्थिक कमजोरीका कारण स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षामा पनि प्रत्यक्ष असर परेको छ।

**स्वास्थ्य सेवामा पहुँचको समस्या**

सीमान्तकृत समुदाय बसोबास गर्ने अधिकांश क्षेत्र अझै पनि गुणस्तरीय स्वास्थ्य सेवाबाट टाढा छन्। स्वास्थ्य चौकी भए पनि दक्ष जनशक्ति र आवश्यक औषधिको अभावलगायत सामान्य समस्या बनेको पाइन्छ । आर्थिक अवस्था कमजोर भएकाले धेरै परिवारले समयमै उपचार गराउन सक्ने अवस्था छैन। महिला तथा बालबालिकाको स्वास्थ्य अवस्था अझ चुनौतीपूर्ण छ। केही अवस्था परिवर्तन भए पनि पोषण, मातृ स्वास्थ्य र सरसफाइका विषयमा अझै सुधार आवश्यक देखिन्छ । संविधानले दिएका अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन भएमा यी समुदायलाई सहज तवरबाट स्वास्थ्यको पहुँचमा पु¥याउन सकिनेछ।

**राजनीतिक प्रतिनिधित्व अझै न्यून**

नेपालको संविधानले समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था गरेको छ। स्थानीय, प्रदेश र सङ्घीय तहमा आरक्षण तथा समानुपातिक प्रतिनिधित्वको व्यवस्था पनि छ। तर, व्यावहारिक रूपमा दराई, बोटे, कुसुण्डा र भुजेल समुदायको राजनीतिक उपस्थिति सीमित छ। निर्णय प्रक्रियामा उनीहरूको पहुँच नहुँदा अझै कमजोर देखिएका हुन्। भाषाविज्ञ तथा आदिवासी जनजाति अध्ययनकर्ता बुद्धवीर बहिङले आदिवासी जनजातिलाई एउटै भाँडोमा राखिएको बताए। ‘पहिला त सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदाय जनसङ्ख्याले नै कम छ । त्यसमाथि पनि आदिवासी जनजातिको टोकरीमा राखिएको छ। कम जनसङ्ख्या भएका आदिवासी जनजातिअन्तर्गतका सीमान्तकृत अल्पसङ्ख्यकको पहुँच पुग्दैन,‘ उनले भने, ‘सरकारले समावेशीकरण भनिरहँदा गरिबी, शिक्षालगायत विषयले राजनीतिक तथा नेतृत्व लिने स्थानसम्म यी समुदायको पहुँच पुग्दैन । जसले अझैसम्म पनि पछि बस्न बाध्य छन्।’
राजनीतिक दलहरूले चुनावका बेला यी समुदायलाई प्राथमिकतामा राखे पनि नीतिनिर्माण र नेतृत्व तहमा उनीहरूको प्रतिनिधित्व पर्याप्त रूपमा सहभागी गराउन सकेको छैन । उनीहरूको आवश्यकता र कार्यान्वयनमा पनि समस्या देखिएको उनको भनाइ छ।

**भाषा र संस्कृति जोगाउने सङ्घर्ष**

आधुनिक सञ्चारमाध्यम, बसाइँसराइ र बाह्य सांस्कृतिक प्रभावका कारण यी समुदायको मौलिक संस्कृति सङ्कटमा परेको छ। आधुनिकीकरण र प्रविधिको विकाससँगै यी समुदायको वास्तविक पहिचानका रूपमा रहेको भाषा र संस्कृति लोप हुने अवस्थामा रहेको भाषाविज्ञ तथा अध्ययनकर्ता बहिङले बताए। ‘यी समुदायले आफैंले पनि चासो दिनुपर्ने हुन्छ। तर, यतिले मात्रै पुग्दैन,’ उनले भने, ‘जबसम्म सरकारले यी समुदायलाई अमूल्य गहनाका रूपमा लिएर संरक्षण गर्ने प्रयत्न गर्दैन । तबसम्म यी समुदायको न त संरक्षण हुन्छ। न त यिनका भाषा, संस्कृति।’
परम्परागत नाच, गीत, बाजागाजा, धार्मिक संस्कार र लोककथा नयाँ पुस्तामा हस्तान्तरण हुन सकेका छैनन् । वैवाहिक सम्बन्ध र आधुनिकीकरणले अल्पसङ्ख्यक समुदायको पहिचान गुम्ने अवस्थामा पुगेकोले संरक्षणको प्रयास भइरहेको व्यास नगरपालिकाकी उपप्रमुख इन्दिरा दरैले बताए।
‘नगरपालिकाले यी लोपोन्मुख तथा अल्पसङ्ख्यक समुदायको भाषा, कला, सीप विकासका कार्यक्रमलाई प्राथमिकता दिइरहेका छौँ। हामीले मात्रै प्राथमिकतामा राखेर उनीहरूको भाषा, संस्कृति संरक्षण हुँदैन,’ उनले भने, ‘यी समुदायको अग्रसरताले मुख्य भूमिका खेल्दछ।’
कतिपय स्थानमा समुदायले सांस्कृतिक महोत्सव आयोजना गरी आफ्नो पहिचान जोगाउने प्रयास गरिरहेका छन् । तर, आर्थिक स्रोतको अभावले यस्ता प्रयास निरन्तर हुन सकेका छैनन्।

**राज्यका प्रयास**

नेपाल सरकारले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, राष्ट्रिय समावेशी आयोग तथा विभिन्न मन्त्रालयमार्फत सीमान्तकृत समुदायका लागि कार्यक्रम सञ्चालन गर्दै आएको छ। तर, यी समुदायलाई सहयोग पु¥याउने आयोग र प्रतिष्ठान खारेजीमा पर्दा अब यस समुदायको उत्थान हुने कसरी भन्ने पनि प्रश्न उब्जिएको छ। गण्डकी प्रदेशले सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदायको क्षमता विकास, आत्मनिर्भर बनाउने उद्देश्यले विभिन्न तालिमका साथै उद्यमशीलतातर्फ उन्मुख बनाउने कार्यमा अग्रसर भएको छ।
गण्डकी प्रदेशअन्तर्गत सामाजिक विकास कार्यालय तनहुँमार्फत अल्पसङ्ख्यक सीमान्तकृत तथा लोपोन्मुख समुदायलाई उद्यमशील बनाउनका लागि साबुन, हार्पिक, फिनेल बनाउने तालिम प्रदान गरिएको एकीकृत विकास कार्यालय तनहुँका सहायक प्रशासकीय अधिकृत गुरु घिमिरेले जानकारी दिए। उनका अनुसार उक्त तालिममार्फत यी समुदायका महिलालाई उद्यमशील बनाउन प्रोत्साहन गरिएको हो।
गण्डकी प्रदेश सरकारले यी समुदायलाई आत्मनिर्भर, उद्यमशील, संस्कृतिमार्फत पर्यटनलाई जोडेर आयआर्जन वृद्धि गर्दै जीविकोपार्जनमा सहज बनाउने योजना लिएर अगाडि बढेको पाइन्छ । तनहुँमा जस्तै यी समुदायको बसोबास रहेका क्षेत्रमा यी समुदायको संरक्षण, प्रवद्र्धन र क्षमता विकासका साथै जीविकोपार्जनमा सहयोग पु¥याउने कार्यमा सरकारबाट बजेट विनियोजन हुँदै आएको छ । जसले यी समुदायलाई अभिभावकको संरक्षणमा भएको जस्तो आभास गराउन मद्दत पुगेको बताउँछन्।
छात्रवृत्ति, सीप विकास तालिम, भाषा संरक्षण, सांस्कृतिक प्रवद्र्धन तथा आयआर्जन कार्यक्रम सञ्चालन गरिए पनि ती कार्यक्रमको प्रभाव अझै अपेक्षाकृत नदेखिएको व्यास नगर प्रमुख वैकुण्ठ न्यौपानेले बताए । ‘समुदायको वास्तविक आवश्यकता पहिचान गरी स्थानीय स्तरमै लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ,’ नगर प्रमुख न्यौपानेले भने, ‘दरै, बोटे, कुसुन्डा र भुजेल समुदायको भविष्य सुरक्षित गर्न भाषा संरक्षण, सांस्कृतिक पुनर्जागरण, गुणस्तरीय शिक्षा, सीप विकास र आर्थिक सशक्तीकरणमा विशेष ध्यान दिनुपर्नेछ।’
मातृभाषामा शिक्षा, स्थानीय इतिहासको दस्तावेजीकरण, सांस्कृतिक केन्द्र स्थापना र परम्परागत ज्ञानको संरक्षण गर्न सके यी समुदायको पहिचान जोगाउन सहयोग पुग्ने निश्चित छ। कृषि, पर्यटन, हस्तकला र प्राकृतिक स्रोतमा आधारित आयआर्जन कार्यक्रममार्फत यी समुदायको आर्थिक अवस्था उकास्न सकिन्छ।

## प्रतिनिधिसभा निर्वाचन खर्च अध्ययन प्रतिवेदनः

# जित्नेले भन्दा हार्ने उम्मेदवारको बढी

**काठमाडौँ ।**
निर्वाचन पर्यवेक्षण समिति (इओसी) नेपालले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारको प्रचार खर्चसम्बन्धी अध्ययन प्रतिवेदन आज सार्वजनिक गरेको छ । प्रतिवेदनले जित्नेले भन्दा हार्ने उम्मेदवारले बढी खर्च गरेको पाइएको जनाएको छ ।



सो संस्थाले मुलुकभरका १६५ क्षेत्रमध्ये छानिएका १० निर्वाचन क्षेत्रका तीन हजार ४०६ उम्मेदवारमध्ये १४४ नमुना उम्मेदवारको खर्चको विश्लेषण गरेको हो । इओसी नेपालका अध्यक्ष श्रीकृष्ण सुवेदीका अनुसार विजयी उम्मेदवारले निर्वाचन प्रचारप्रसारमा औसत रु ८८ लाख र उपविजेताले त्यसको लगभग तीन गुणा बढी, औसत रु दुई करोड ८३ लाख खर्च गरेका पाइएको छ । निर्वाचन खर्चको करिब ६७ प्रतिशत रकम पराजित उम्मेदवारले खर्च गरेका छन् ।
नतिजाले स्रोत व्यवस्थापनमा गम्भीर असन्तुलन रहेको देखाएको छ । निर्वाचन आयोगले प्रत्यक्ष निर्वाचन प्रणालीका उम्मेदवारका लागि रु २५ देखि ३३ लाखसम्म खर्चको सीमा तोकेकोमा, औसतमा उम्मेदवारले रु ७२ लाख अर्थात् कानुनी सीमाभन्दा ११८ प्रतिशत बढी खर्च गरेको पाइएको छ ।
'उम्मेदवारले खर्च देखिने ब्यानर, ¬याली, कोणसभा, भोजभतेर आदिको साटो नदेखिने च्यानल (अदृश्य तर प्रभावशाली सूचना तथा सञ्चार प्रणाली, डिजिटल प्रचार, सामाजिक सञ्जाल, अनौपचारिक परिचालन) तर्फ सरेको देखियो । जसले अनुगमनलाई थप कठिन बनाउँछ र बनाएको देखियो । मित्थ्या सूचना, दुष्प्रचार, चरित्रहत्याजस्ता प्रणालीगत दुष्प्रचार तथा प्रयोग रोकथाम तथा नियन्त्रणमा आवश्यक कानुनी प्रबन्धको अभाव देखियो', प्रतिवेदनमा भनिएको छ । कूल खर्चको ८२ प्रतिशत प्रचार अभियान अवधिमा भएको र चार प्रतिशत खर्च निर्वाचनको दिन (प्रचार निषेधको अवधि) मै भएको देखिएको प्रतिवेदनले जनाएको छ ।
उम्मेदवारको आम्दानीको स्रोत सार्वजनिक र अनिवार्यरूपमा खुलासा गरिनुपपर्ने, डिजिटल माध्यमबाट हुने आचारसंहिता उल्लङ्घन पत्ता लगाउन प्रविधिमैत्री अनुगमन प्रणाली विकास गरिनुपर्ने, खर्च विवरण पेस गर्ने हालको प्रक्रियाको सट्टा निर्वाचन आयोगले सक्रिय अनुगमन टोली परिचालन गरी आचारसंहिता उल्लङ्घकर्तालाई तत्काल कारबाही गर्ने व्यवस्था मिलाउनुपर्ने सुझावहरू दिइएको इओसीका अध्यक्ष सुवेदीले बताए ।
यससैगरी छुट्टै बैंक खाताबाट खर्च गर्ने व्यवस्थालाई व्यावहारिक र सरल बनाइनुपर्ने, निर्वाचन प्रक्रियामा सार्वजनिक लेखापरीक्षणलाई सहायक संरचनाका रूपमा अनुमति दिइनुपर्ने प्रतिवेदनले सुझाव दिएको छ । रासस

## रास्वपा महाधिवेशनः

# रास्वपा केन्द्रीय सदस्यका लागि ३८४ जनाको उम्मेदवारी




**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशनमा पहिलो चरणको उम्मेदवारको नामावली सार्वजनिक गरिएको छ । उनान्सय जना केन्द्रीय सदस्यका लागि उम्मेदवारी दिएका उम्मेदवारको नामावली सार्वजनिक गरिएको हो ।
पार्टीको केन्द्रीय निर्वाचन आयोगसँगै रहेका रास्वपा चितवनका नेता नेत्र लामिछानेका अनुसार पहिलो चरणको केन्द्रीय सदस्यको निर्वाचनमा ३८४ जनाले उम्मेदवारले आफ्नो उम्मेदवारी दर्ता गराएका छन् । जसमा खुलातर्फ २१० जनाको उम्मेदवारी परेको छ भने भूगोलतर्फ १७४ जनाको उम्मेदवारी परेको छ । एउटा प्रदेशबाट पाँच जना निर्वाचित हुनेछन् ।
सात प्रदेशबाट ३५ जना निर्वाचित हुनेछन् भने ६४ जना खुलाका लागि २१० जनाको उम्मेदवारी परेको हो । लामिछानेका अनुसार सुदूरपश्चिम प्रदेशमा १८ जना, मधेस प्रदेशमा २० जना, लुम्बिनी प्रदेशमा ३१ जना, कोसी प्रदेशमा २० जना, कर्णाली प्रदेशमा ३१ जना, बागमती प्रदेशमा २७ जना र गण्डकी प्रदेशमा २७ जनाको उम्मेदवारी परेको छ । उनका अनुसार प्रारम्भिक नामावली सार्वजनिक गरिएको हो सभापतिमा रवि लामिछाने निर्विरोध निर्वाचित भइसकेका छन् । रासस

# प्रभावकारी सेवा प्रवाहका लागि नयाँ ढाँचा

**काठमाडौँ ।**
सरकारले मन्त्रीहरूको कार्यसम्पादनलाई प्रभावकारी, परिणाममुखी र विषयगत रूपमा सुदृढ बनाउन स्वकीय सचिवालय तथा सल्लाहकार समूहको संरचना व्यवस्थित गरेको छ ।
मन्त्रिपरिषद्को गत वैशाख २ गतेको निर्णयअनुसार मन्त्रालयको कार्यक्षेत्र र कार्यबोझका आधारमा सीमित सङ्ख्यामा सल्लाहकार तथा आवश्यक कर्मचारी रहने व्यवस्था गरिएको हो । निर्णयानुसार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय तथा कृषि, वन तथा पर्यावरण मन्त्रालयले नेपाल सरकारका विशिष्ट श्रेणीसरहका एक वैतनिकसहित बढीमा पाँच जनासम्म सल्लाहकार नियुक्त गर्न सक्नेछन् ।
अन्य मन्त्रालयले भने एक वैतनिकसहित बढीमा तीन जनासम्म सल्लाहकार राख्न सक्ने व्यवस्था गरिएको छ ।
प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार विकास निर्माण, पूर्वाधार विस्तार तथा बहुआयामिक समन्वय आवश्यक पर्ने मन्त्रालयमा विषयगत विज्ञता उपयोग गर्न सकियोस भन्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको हो । ती मन्त्रालयमा नियुक्त हुन सक्ने पाँच जनामध्ये एक जना मात्र वैतनिक हुने र बाँकी सल्लाहकार अवैतनिक रहने जसका कारण अतिरिक्त आर्थिक भार नपर्ने उनले बताइन ।
सरकारको उद्देश्य राज्यको आर्थिक दायित्व बढाउने होइन, जटिल प्रकृतिका मन्त्रालयलाई आवश्यक विशेषज्ञता उपलब्ध गराएर कामको गति र गुणस्तर बढाउनु हो, दाहालले भनिन्, अतिरिक्त वित्तीय भार न्यून राख्दै सक्षम र प्रभावकारी टिममार्फत परिणाममुखी काम गर्ने सोचअनुसार व्यवस्था गरिएको हो ।
मन्त्री तथा राज्यमन्त्रीको स्वकीय सचिवालयमा एक प्रमुख स्वकीय सचिव, एक स्वकीय सचिव, एक समन्वय, कार्यान्वयन तथा अनुगमन अधिकृत र एक सञ्चार तथा जनसम्पर्क सहायक रहने व्यवस्था छ । स्वकीय सचिवालयमा एक सहायकस्तर, दुई हलुका सवारी चालक र दुई कार्यालय सहयोगी पनि रहने सक्ने व्यवस्था गरिएको छ ।
यसअनुसार प्रमुख स्वकीय सचिव राजपत्राङ्कित द्वितीय श्रेणीसरह, स्वकीय सचिव तथा समन्वय, कार्यान्वयन र अनुगमन अधिकृत राजपत्राङ्कित तृतीय श्रेणीसरह रहनेछन् । सञ्चार तथा जनसम्पर्क सहायक र सहायकस्तरका कर्मचारी राजपत्राङ्कित प्रथम श्रेणीसरह रहने व्यवस्था छ । उक्त व्यवस्थाले मन्त्रालयहरूको नीति निर्माण, कार्यक्रम कार्यान्वयन, अन्तर निकाय समन्वय, सार्वजनिक सञ्चार तथा अनुगमनलाई थप व्यवस्थित बनाउने अपेक्षा गरिएको प्रधानमन्त्री शाहका प्रेस तथा अनुसन्धान विज्ञ दाहालकाको भनाइ छ । विशेषगरी विकास निर्माणसँग सम्बन्धित मन्त्रालयमा विषयगत विज्ञहरूको सहयोगबाट निर्णय प्रक्रिया र कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने लक्ष्य राखिएको जनाइएको छ ।
यसअघि अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीको कार्यकालमा मन्त्रीको स्वकीय सचिवालयमा बढीमा तीन जना मात्र नियुक्त गर्न सकिने व्यवस्था गरिएको थियो । त्यसअघि मन्त्रीको स्वकीय सचिवालयमा उपस्वकीय सचिव, स्वकीय अधिकृत, प्रशासन सहायक, दुई सवारी चालक र दुई कार्यालय सहयोगीसहित सात जनाको व्यवस्था रहेको थियो । रासस

# तीन महिनामा एक लाख ८१ हजार नयाँ मतदाता थपिए



**काठमाडौँ ।**
स्थानीय तह निर्वाचनको पूर्वतयारी थालेको निर्वाचन आयोगले बितेका तीन महिनामा एक लाख ८१ हजार ३६७नयाँ मतदाता थपिएका बताएको छ ।
पछिल्लो प्रतिनिधिसभा निर्वाचनपछि ती मतदाता थपिएका हुन् । उक्त निर्वाचनपछि १८ हजार छ सय २२ वटा मतदाता नामावली अद्यावधिकका लागि निवेदन प्राप्त भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । गत प्रतिनिधिसभा निर्वाचनमा एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता कायम थिए ।
आयोगले आगामी स्थानीय तहको निर्वाचनको तयारीका लागि मतदाता नामावली अद्यावधिक, मतदान स्थल तथा मतदान केन्द्र पुनरवलोकनलगायत कार्य सञ्चालन गरिरहेको उनले बताए । स्थानीय तह निर्वाचनको तयारी सम्बन्धमा यही असार ४ गतेको राष्ट्रियसभाको राष्ट्रिय समावेशीकरणको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा आयोगका पदाधिकारीसँग छलफल भएको थियो ।
निर्वाचन हुने निर्धारित मितिभन्दा कम्तीमा छ महिना अगावै निर्वाचन घोषणा, समयमा आवश्यक बजेट उपलब्ध गराउने, आयोग तथा मातहतका निकायका रिक्त पद पूर्ति , मतदाता नामावली व्यवस्थापन प्रणाली स्तरोन्नति, आधुनिक उपकरणबाट मतपत्र छाप्ने तथा गलत सूचना प्रवाह हुन नदिन प्रभावकारी संयन्त्र विकास विषयमा सुझावहरू प्रस्तुत भएका थिए । रासस

# 'एक विद्यालय, एक नर्स' कार्यक्रम १५ सय विद्यालयमा



**काठमाडौँ ।**
सरकारले 'एक विद्यालय, एक नर्स' कार्यक्रम देशभरिका एक हजार ५४६ सामुदायिक विद्यालयमा सञ्चालन गरेको छ । स्वास्थ्य सेवा विभागका महाशाखाका निर्देशक हीरादेवी निरौलाका अनुसार बालबालिकाको उपचारको व्यवस्था गर्न नर्स राखिएको बताए । तीमध्ये ३२७ सङ्घीय सरकार र बाँकी प्रदेश तथा स्थानीय तहको सरकारको समन्वयमा नर्स राखिएको छ । 'विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम' मार्फत 'एक विद्यालय, एक नर्स' कार्यक्रम सञ्चालन गरेर बालबालिकालाई स्वास्थ्य सेवा उपलब्ध गराइरहेको उनले बताए ।
विद्यालय तहमा बालबालिकाको स्वास्थ्य उपचार गर्न नर्सको दरबन्दी सिर्जना गरेर राख्न थालेका छौँ निर्देशक निरौलाले भने, ती नर्सले विद्यालय तहका बालबालिकाको आवश्यकताअनुसार समग्र स्वास्थ्य परीक्षण गर्दछन् । नर्सले विद्यार्थीको पोषणको अवस्था, विद्यालय आए/नआएको जानकारी, रक्तअल्पताको परीक्षणलगायत काम गर्छन् । यस्तै रक्तअल्पता कम भएको अवस्थामा आइरन चक्की खान सुझाव दिने गर्दछन् । यसैगरी ती नर्सले विद्यार्थी विद्यालय नआए किन आएन भनेर अभिभावकसँग पनि जानकारी लिने छन् । यस्तै नर्सले आवश्यकताअनुसार विद्यार्थीलाई स्वास्थ्य शिक्षा प्रदान गर्ने छन् ।
सरकारले आव २०७६/७७ मा विद्यालयमा स्वास्थ्य समस्या समाधान गर्न र विद्यार्थीका माध्यमबाट अभिभावकलाई स्वास्थ्यसम्बन्धी जनचेतना फैलाउने उद्देश्यले 'एक विद्यालय एक नर्स' कार्यक्रम बागमती प्रदेशबाट पाइटल कार्यक्रको रूपमा सुरु सञ्चालन गरेको थियो । निर्देशक निरौलाले देशभरिका सबै विद्यालयमा 'एक विद्यालय, एक नर्स' लागू गर्ने भने पनि आगामी वर्ष बजेट विनियोजन नभएकाले थप विद्यालयमा कार्यक्रम लागू गर्न नसकिने बताए । 'एक विद्यालय, एक नर्स' कार्यक्रमअन्तर्गत नर्सले विद्यालयका एक छात्रा र छात्रलाई स्वास्थ्य राजदूत बनाएर स्वास्थ्य जनचेतना जगाउने कार्यक्रम पनि सञ्चालन गर्ने गर्दछन् । रासस

# हरेक व्यवसाय मानव अधिकारमैत्री हुनुपर्छः न्यायाधीश

**काठमाडौँ ।**
सर्वोच्च अदालत न्यायाधीश हरिप्रसाद फुयाँलले हरेक व्यवसाय मानव अधिकारमैत्री तवरले सञ्चालन गर्नुपर्ने बताएका छन् । राष्ट्रिय मानव अधिकार आयोगले बुधबार आयोजना गरेको 'व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय संवाद' मा उनले व्यवसाय गर्दा उत्पन्न हुने मानव अधिकार जोखिमप्रति जिम्मेवारी सञ्चालकले लिनुपर्ने बताए । नियामक निकायले निष्पक्ष र सक्षम अनुगमन गर्नुपर्छ, प्रभावित व्यक्ति वा समुदायले आफ्नो कुरा राखे र उपचार पाउने वास्तविक अवसर पाउनुपर्छ, उनले भने, अधिकार प्रभावित भएमा न्यायपालिका स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रूपमा संवैधानिक संरक्षणको आधार बन्नुपर्छ । न्यायाधीश फुयाँलले व्यापार व्यवसाय र मानव अधिकारको मूल प्रश्न आर्थिक गतिविधि आयक कि छैन भन्ने नभई आर्थिक गतिविधि संविधान, मानव गरिमा, सामाजिक न्याय, वातावरणीय दायित्व र विधिको शासनसँग कसरी मेल खान्छ विषयलाई ध्यानमा राख्नुपर्ने भनाइ राखे ।
विकास, मानव जीवन, अन्य प्रजाति, वातावरण र पर्यावरणप्रति राज्य र निजी क्षेत्रको दायित्व स्थापित गर्नु हो, उद्योग, व्यवसाय, व्यापार यी दायित्वबाट निरपेक्ष छैन, उनले थपे, नाफा उत्तरदायित्व र जिम्मेवारी बेगर अब सम्भव छैन, यस प्रयोजनका लागि राज्यले प्रभावकारी संरक्षणकारी संरचना निर्माण गर्नुपर्छ ।
न्यायाधीश फुयाँलले न्यायको खोज अदालतको ढोकामा मात्र सुरु हुनु नहुने भन्दै न्याय व्यावसायिक निर्णयमा, कार्यस्थलको व्यवहारमा, उपभोक्तासँगको सम्बन्धमा, परियोजनाको प्रारम्भिक अध्ययनमा, वातावरणीय मूल्याङ्कनमा, समुदायसँगको संवादमा र राज्यको नियामकीय अभ्यासमा सुरुदेखि नै उपस्थित हुनुपर्नेमा जोड दिए ।
विकासको आर्थिक विकास, लगानी प्रवद्र्धन, उद्यमशीलता र उत्पादनशीलता राज्यको समृद्धिका अपरिहार्य आधार हुन्, हामी विकासलाई प्रायः देखिनसक्ने भौतिक उपलब्धिसँग जोड्छौँ, उनले जोडे, बनेका सडक, उठेका भवन, बगेको बिजुली, खुलेका उद्योग, बढ्दो लगानी र सिर्जना भएका रोजगारीबाट मापन गर्ने गर्छौं, यी सबै विकासका महत्वपूर्ण सूचकहरू हुन्, तर विकासको वास्तविक मुल्याङ्कन केवल लगानीको आकार, उत्पादनको परिणाम, निर्यातको तथ्याङ्क वा पूर्वाधारको विस्तारबाट हुन सक्दैन ।
उनले विकासको मानवीय आयाम पनि उत्तिकै महत्त्वपूर्ण भएको र मानवीय आयाम दिनहुँ उद्योग व्यवसायमा श्रम गर्ने श्रमिक र उसका श्रम अधिकारसँग जोडिएको हुने धारणा राखे । यो बजारबाट दैनिक उपभोगका वस्तु वा सेवा खरिद गर्ने उपभोक्ताको हितसँग जोडिएको हुन्छ, त्यो नदी किनार, वनक्षेत्र वा आयोजना प्रभावित भूगोलमा बस्ने परिवारको हकअधिकारसँग जोडिएको हुन्छ, उनले भने, आर्थिक विकासलाई मानव अधिकार, वातावरण र सामाजिक न्यायसँग एकीकृत रूपमा अघि बढाउनुपर्ने मान्यता स्थापित गरेको छ ।
न्यायाधीश फुयाँलले आर्थिक उपलब्धि र मानव गरिमाबीच सन्तुलन कायम गर्न नसक्ने विकास दिगो हुन नसक्ने भन्दै सामाजिक स्वीकृति, विधिको शासन र न्यायपूर्ण वितरणबाट अलग भएको आर्थिक प्रगति अन्ततः विवाद, अविश्वास र असमानताका कारण बन्नसक्नेतर्फ ध्यान दिनुपर्ने बताए । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले व्यवसाय सञ्चालन गर्दा नागरिकको हकअधिकारको रक्षा गर्नुका साथै बाँच्न पाउने अधिकारको रक्षा गर्नुपर्ने बताए । उनले व्यवसाय सञ्चालन गर्दा मानव अधिकारको पाटोलाई मुख्य रूपमा ध्यान दिनुपर्नेमा जोड दिए ।
यु ु वा, श्रम तथा रोजगार मन्त्रालयका सचिव डा दीपक काफ्लेले व्यवसायलाई मानव अधिकारमैत्री बनाउन सुरक्षित कार्यस्थल, सामान ज्याला, सम्मान र सामाजिक सुरक्षाजस्ता विषयलाई ध्यान दिनुपर्ने बताए । सरकारले वैदेशिक रोजगारी गएकालाई मर्यादित ज्याला, सम्मानपूर्वक बाँच्न पाउने वातावरण सिर्जना गरेको र अप्ठ्यारोमा परेकालाई उद्धार गर्ने गरेको बताए । रासस

# नयाँ क्रियाशील सदस्यता वितरणलाई प्रभावकारी बनाउँदै कांग्रेस




**काठमाडौँ ।**
नेपाली कांग्रेसले क्रियाशील सदस्यता वितरण अभियानअन्तर्गत नयाँ क्रियाशील सदस्यता वितरणलाई प्रभावकारी बनाउन ७७ वटै जिल्लाका लागि केन्द्रीय प्रतिनिधि तोकेको छ ।
कांग्रेस सदस्यता व्यवस्थापन केन्द्रीय समितिको निर्णयअनुसार पार्टीको १५ औँ महाधिवेशनका लागि सञ्चालन गरिएको क्रियाशील सदस्यता वितरण अभियानअन्तर्गत पार्टी कार्यालयले बुधबार जिल्लाका लागि केन्द्रीय प्रतिनिधि तोकेको जनाएको छ ।
नयाँ क्रियाशील सदस्यता वितरण प्रक्रियामा विशेषगरी ३५ वर्षमुनिका युवाको अधिकतम् प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्य राखिएको छ ।
साथै तोकिएका केन्द्रीय प्रतिनिधिहरूले यही असार २० गतेसम्म सम्बन्धित जिल्लामा उपस्थित भई समन्वय, सहजीकरण तथा जिम्मेवारी निर्वाह गर्नुहुने पार्टी कार्यालयले जनाएको छ । रासस

# दिवा खानाको मात्रा बढाउन साझेदारी घोषणा

**काठमाडौँ ।**
संयुक्त राष्ट्रसङ्घको विश्वखाद्य कार्यक्रम, लायन्स क्लब इन्टरनेशनल फाउन्डेसन र वल्र्ड फुड प्रोग्रामले नेपालका विद्यालय दिवा खानाको मात्रा बढाउन रणनीतिक साझेदारीको घोषणा गरेका छन् । बालबालिकाको पोषण सुधार्न, सिकाइ परिणामलाई टेवा दिन र स्थानीय खाद्य प्रणालीलाई बलियो बनाउन नमुना कार्यक्रमका रूपमा यो घोषणा गरिएको हो । एक मिलियन अमेरिकी डलरको सहयोगमा सञ्चालन हुने यस कार्यक्रमले करिब ७० हजार बालबालिकालाई लाभ दिने अपेक्षा गरिएको छ । साथै यसले विद्यालय, साना किसान र सरकारी प्रणालीबीच अन्तरसम्बन्ध विकास गर्ने विश्वखाद्य कार्यक्रमले जनाएको छ । घोषणा कार्यक्रममा शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलले विद्यालयमै उत्पादित दिवा खानाले विद्यार्थीको उपस्थिति र सिकाइ परिणामहरू सुधार गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए । यस साझेदारीको निरन्तर कार्यान्वयनले दिगोपनलाई बलियो बनाउने र दिवा खाना कार्यक्रमलाई राष्ट्रिय विकास प्राथमिकतामा योगदान दिइ थप दिगो र स्थानीय रूपमा सञ्चालित प्रणालीमा विकसित हुन मद्दत मिल्ने उनको भनाइ थियो ।
विश्वखाद्य कार्यक्रमका देशीय निर्देशक रियाज लोधीले यो साझेदारीले सामुदायिक विद्यालयका लागि ताजा, पौष्टिक र स्थानीय खाना उत्पादन गर्न तत्काल प्रभाव पार्ने बताए ।
लायन्स क्लब इन्टरनेशनल फाउन्डेसनका अध्यक्ष फाब्रिसियो ओलिभेराले स्थानीय किसान, विद्यालय र समुदायलाई सशक्त बनाउँदै बालबालिकाले पौष्टिक विद्यालय खाना प्राप्त गर्ने बताए । रासस

# आत्मनिर्भर बन्न सीप सिक्दै पाल्पाका महिला



**पाल्पा ।**
पाल्पाका महिला आत्मनिर्भर बन्ने उद्देश्यसहित सीप सिक्न थालेका छन् । स्थानीय सरकारको सहयोगमा उनीहरू प्रशिक्षणमा सहभागी भएका हुन् । विपन्न वर्ग तथा समुदायलाई लक्ष्य गरी स्थानीय सरकारले सीप विकाससम्बन्धी तालिम सञ्चालन गरेपछि उद्यम गरेर आत्मनिर्भर हुन उनीहरू प्रशिक्षणमा आकर्षित भएका हुन् । केही महिला सीप सिकेर स्वरोजगार बनेका छन् भने केही सीप सिकिरहेका छन् ।

तानसेन नगरपालिका–५ कैलाशनगरकी मालती अधिकारीले भनिन्, सीप सिक्छौँ, आत्मनिर्भर बन्छौँ, आयआर्जनको क्रियाकलापमा प्रत्यक्ष संलग्न हुन्छौँ, यसअघि स्वेटर, टोपी, मोजालगायत बुन्न सिकेको र अहिले वडा कार्यालयको सहयोगमा जुत्ता, चप्पल बनाउन सिकेको सीपले हाम्रो जीवनस्तर सुधार हुने ठानेकी छु ।

उद्यमी अधिकारीजस्तै यहाँका ३४ जना महिलाले जुत्ता, चप्पल बनाउन सिकेका छन् । सीप विकासमार्फत विपन्न समुदायका महिलालाई आत्मनिर्भर बनाउन तालिम दिइएको वडाध्यक्ष रामबहादुर रावलले बताए । सीप र रोजगारलाई प्राथमिकता दिँदै दक्ष जनशक्ति र उद्यमी उत्पादन गर्नेगरी वडाले काम गरिरहेको उनले बताए । उनले भने, महिला र युवालाई सीपसँग जोड्दै क्षमता विकास गर्ने र उत्पादन गरेका वस्तु बजारसम्म पुर्याउनका लागि हामीले सहजीकरण गर्दै आएका छौँ । तालिमबाट महिला उद्यमी बन्ने र नगरभित्र आर्थिक चलायमान बढ्ने उनले विश्वास व्यक्त गरे । सानो पुँजीमा व्यवसाय सञ्चालन गर्न सकिने भएकाले महिला सजिलै आत्मनिर्भर बन्न सक्ने रावलको भनाइ छ । सधैँजसो मेलापात, चुलोचौका र घरधन्दामै दैनिकी बिताउँदै आएका रामपुरका महिला पनि ४५ दिने होजियारी तालिमपछि गाउँमै स्वेटर, मोजा, टोपी र मफलर बुन्न सक्ने भएका छन् । रामपुर नगरपालिकाले होजियारी तालिम सञ्चालन गरेपछि सुइडा पनि नदेखेका महिलाले स्वेटर, मोजा, टोपी र मफलर बुन्ने भएका छन् ।

तालिममा सहभागी सीता रेग्मीले भने, हामीले सुइडा पनि देखेका थिएनौँ । पहिलो दिनमा त निकै अलमलिएका थियौँ । सीप सिक्ने इच्छाका साथ दैनिक प्रयास गरेपछि अब स्वेटर, मोजा, टोपी र मफलर बुन्ने भएका छौँ । रामपुर नगरपालिकाले उपप्रमुख ग्रामीण महिला उत्थान कार्यक्रमअन्तर्गत आधारभूत होजियारी तालिम लिएका ग्रामीण महिलाका लागि ४५ दिनको तालिम दिएपछि महिलाहरू स्वरोजगार बन्ने दिशामा लागेका हुन् ।

नगरप्रमुख रमणबहादुर थापाले महिलालाई व्यावसायिक र आत्मनिर्भर बनाउन नगरपालिकाले सीपमूलक तालिम सञ्चालन गर्दै आएको बताए । कतिपय महिला तालिम लिएर व्यवसाय बजारको सुनिश्चितता पनि पालिकाले गर्ने उनले बताए । रासस

# दुग्ध उत्पादनलाई प्रोत्साहन गर्न किसानलाई अनुदान



**त्रिवेणी ।**
कावासोती नगरपालिकाले दुग्ध उत्पादनलाई प्रोत्साहन गर्न किसानलाई उत्पादनका आधारमा अनुदान उपलब्ध गराएको छ । कावासोती नगरपालिका पशुपन्छी विकास उपशाखाका पशु विकास अधिकृत अच्युत आचार्यका अनुसार दुग्ध उत्पादन बढाउने उद्देश्यले नगरपालिकाले यहाँका किसानलाई चालु आर्थिक वर्षमा २८ लाख रुपैयाँ अनुदान उपलब्ध गराएको छ ।

नगरपालिकाले नगरका दुग्ध उत्पादक किसानलाई दूधमा प्रतिलिटर दुई अनुदान रुपैयाँ उपलब्ध गराउँदै आएको छ । नगरभित्रका पाँचवटा सहकारीमार्फत उक्त अनुदान वितरण गरिएको हो । दुग्ध उत्पादन गर्ने किसानले सहकारीमा बिक्री गरेको दूधका आधारमा सहकारीमार्फत किसानलाई अनुदान उपलब्ध गराइएको हो ।

कावासोती नगरपालिकाका पाँचवटा सहकारीमा सङ्कलन भएको दूधका आधारमा १५ लाख ४३ हजार ११३ लिटरका लागि अनुदान उपलब्ध गराइएको आचार्यले बताए । गत वर्षको उत्पादनका आधारमा रु २८ लाख अनुदानका लागि विनियोजन गरिएकामा यसपटक उत्पादन वृद्धि भएकाले सोहीअनुसार केही अनुदानको दरलाई कम गरेर सबै किसानलाई अनुदान उपलब्ध गराएको उनले जानकारी दिए ।

दूधमा प्रदान गरिएको अनुदानले थोरै भए पनि किसानले लाभ लिएको र उत्पादन लागत घटाउन सहयोग पुगेको उनले बताए । साना किसान कृषि सहकारी संस्था कावासोती–१४, एकीकृत दुग्ध विकास सहकारी संस्था कावासोती–८, जनकल्याण कृषि तथा दुग्ध सहकारी कावासोती–१७, शिवमन्दिर महिला बहुउद्देश्यीय सहकारी कावासोती–२ र नमूना दुग्ध उत्पादक सहकारी कावासोती–१७ मार्फत सङ्कलित दूधका लागि किसानलाई अनुदान उपलब्ध गराइएको हो ।

यी सहकारीमा बिक्री भएको दूधका किसानलाई सहकारीले दिने दरमा नगरपालिकाको अनुदान थप गरेर दिने व्यवस्था गरिएको छ । नगरप्रमुख विष्णुप्रसाद भुसालका अनुसार उत्पादनका आधारमा अनुदान प्रदान गर्दा किसानलाई उत्पादन बढाउन उत्प्रेरित गर्ने भएकाले नगरपालिकाले सोही आधारमा अनुदान उपलब्ध गराउँदै आएको छ ।

दूधमा अनुदान दिँदा किसानको उत्पादन लागत घटाउन सहयोग पुग्ने र यसले किसानलाई फाइदा पुग्ने र उत्पादन बढाउन हौसला मिल्ने विश्वास नगरपालिकाले लिएको छ । कावासोती नगरपालिकाले आगामी आर्थिक वर्षक पनि उत्पादनमा आधारित अनुदानका लागि रु ५४ लाख बजेट विनियोजन गरेको छ ।

दूध, माछापालनसहितका कार्यक्रममार्फत किसानलाई अनुदान दिन नगरपालिकाको मङ्गलबार भएको नगरसभाले उक्त रकम विनियोजन गरेको पशु विकास अधिकृत आचार्यले जानकारी दिए । रासस

## कङ्गोमा एक हजार जना भन्दा बढीमा

# इबोला सङ्क्रमण पुष्टिः डब्ल्यूएचओ



**कङ्गो ।**
डेमोक्र्याटिक रिपब्लिक अफ कङ्गो (डीआरसी) मा मे १५ मा घोषणा गरिएको इबोला प्रकोपमा २७७ जनाको मृत्यु भएको उल्लेख गर्दै एक हजार ९४ जनामा इबोलाको सङ्क्रमण पुष्टि भएको घटनाहरू दर्ता गरिएको विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) जनाएको छ ।

डब्ल्यूएचओले मङ्गलबार जारी गरेको आधिकारिक तथ्याङ्कले हाल ३८७ जना बिरामीहरू उपचार प्राप्त गरिरहेको भने ११५ जना निको भएको देखाएको छ । कङ्गोका अधिकारीहरूले ४४ जना व्यक्तीको संकास्पद मृत्यु सहित १३१ वटा सङ्काशपद घटनाहरूको पनि रिपोर्ट गरेका छन् । आफ्नो दैनिक महामारी रिपोर्टमा कङ्गोको स्वास्थ्य मन्त्रालयले जारी गरेको सामुदायिक प्रसारणका आधारमा साप्ताहिक रुपमा पुष्टि भएका सङ्क्रमणका घटनाहरुमा पनि वृद्धि देखाइएको छ ।

तथ्याङ्कले महामारी विज्ञान र प्रयोगशाला निगरानीका साथै निदान क्षमताको विकेन्द्रीकरणसहित तीव्र जनस्वास्थ्य उपायहरूले पहिले रोग पत्ता लगाउन योगदान पुर्याएको र विस्तारित सामुदायिक सङ्क्रमणको पुष्टि गरेको बताएको छ । अफ्रिकामा इबोला रोगको प्रकोपको पहिलो महिनामा पुष्टि भएका घटनाहरूको यो सबैभन्दा ठूलो संख्या भएको डब्लुएचओका 'हेल्थ इमर्जेन्सी अलर्ट एन्ड रेस्पोन्स अपरेसन' का निर्देशक अब्दिराहमान महामुदले मङ्गलबार जेनेभामा पत्रकार सम्मेलनमा बताएको छ ।

महामुदले रोगको फैलावट र विस्तार तिव्र गतिमा भइरहेको उल्लेख गर्दै विगत दुई हप्तामा उपचार क्षमता पनि बढेर १९ वटा स्वास्थ्य क्षेत्रहरूबाट ५०० भन्दा बढी सैया सहित सेवा गर्न सक्ने अवस्थामा पुगेको बताएको छ । प्रयोगशाला क्षमता पनि तीव्र रूपमा विस्तार गरिएको बताउदै उनले प्रकोपको सुरुमा राजधानी किन्शासामा प्रति दिन लगभग ३० जनामा परीक्षण गर्दै आएकोमा हाल इटुरी, उत्तरी किवु र दक्षिण किवु प्रान्तहरूमा आठ विकेन्द्रीकृत प्रयोगशालाहरूको सञ्जाल मार्फत प्रति दिन दुई हजार जना भन्दा बढीको परीक्षण सम्भव भएको बताएको छ ।

डीआरसीका राष्ट्रपति फेलिक्स त्सेसेकेदीले मङ्गलबार आफू चाँडै उच्च प्रकोपको रहेको इटुरी प्रान्तको प्रतिक्रिया सञ्चालनको अनुगमन गर्ने बताएको छ । बुरुन्डीका राष्ट्रपति एभारिस्ट नदाइसिमियीसँग किन्शासामा भएको संयुक्त पत्रकार सम्मेलनमा बोल्दै उनले यस्तो टिप्पणी गरेको जनाइएको छ । पत्रकार सम्मेलन अघि, दुई नेताहरूलाई मध्य अफ्रिकी देशको राष्ट्रिय इबोला प्रतिक्रिया टास्क फोर्ससँगको बैठकमा कङ्गोको महामारी सम्बन्धी अवस्था र प्रतिक्रिया उपायहरूको बारेमा जानकारी दिइएको थियो ।


इबोलाको प्रकोपलाई नियन्त्रण गर्न, त्सेसेकेदीले रोकथाम, महामारी विज्ञान निगरानी र द्रुत सूचना–साझेदारीमा आधारित बलियो क्षेत्रीय सहयोगको लागि पनि आह्वान गरेका छन् । नदाइसिमियेले अफ्रिकी देशहरू र व्यापक अन्तर्राष्ट्रिय समुदायलाई सीमा बन्द नगर्न पनि आग्रह गरेको जनाइएको छ ।

यसैगरी लगभग ९० प्रतिशत सङ्क्रमण भएको डीआरसीको इटुरी प्रान्तको सिमानामा रहेको युगान्डामा पनि २० जनामा इबोला सङ्क्रमण भएको पुष्टि गर्दै १४ जना निको भएको र दुई जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयको पछिल्लो तथ्याङ्कले देखाएको छ । मन्त्रालयका अनुसार रिपोर्ट गरिएका सङ्क्रमणका घटनाहरु मध्ये १५ वटा आयातित केशहरु हुन । मंगलबार पनि, युगान्डा र डीआरसीले इबोला प्रकोपसँग लड्न साझा निगरानी र द्रुत प्रतिक्रिया टोली, मोबाइल प्रयोगशालाहरू, र इबोला उपचार केन्द्रहरूको संयुक्त तैनातीलाई समेट्दै सीमापार सहयोग सुरु गरेको जनाइएको छ ।

गत शुक्रबार जारी गरिएको डब्ल्यूएचओ तथ्याङ्क अनुसार, नयाँ स्वास्थ्य क्षेत्रहरूमा प्रकोपको निरन्तर विस्तारका कारण कङ्गोमा इबोला सम्बन्धी स्वास्थ्य जोखिम उच्च रहेको छ, जसले थप राष्ट्रिय र क्षेत्रीय फैलावटको सम्भावना बढाएको छ । यसैबीच, युगान्डामा आयातित केशहरु र पूर्वी कङ्गो र पश्चिमी युगान्डा कोरिडोरको साथ महामारी विज्ञान लिङ्कहरू मार्फत सीमापार फैलावटको पुष्टि भएको कारण जोखिम उच्च रहेको जनाइएको छ । रासस

## इरानी आणविक केन्द्रमा फेरि

# आईएईए निरीक्षण हुने संकेत



**टोकियो ।**
संयुक्त राष्ट्रसङ्घअन्तर्गतको अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) का महानिर्देशक राफेल मारियानो ग्रोसी ले इरानका आणविक संवद्र्धन केन्द्रहरूमा आईएईएका निरीक्षकहरूले पुनः पहुँच पाउने सङ्केत गरेका छन् । अमेरिका र इरानबीच हालै भएको अन्तरिम समझदारीअनुसार ती केन्द्रहरूको निरीक्षण हुने सम्भावना बढेको उनले बताउएका हुन् ।

जापानस्थित फुकुसिमा दाइची आणविक ऊर्जा केन्द्र को भ्रमणका क्रममा पत्रकारहरूसँग कुरा गर्दै ग्रोसीले अमेरिका र इरानबीच निरीक्षणसम्बन्धी देखिएका परस्परविरोधी अभिव्यक्तिलाई 'शब्दहरूको युद्ध' को संज्ञा दिए । उनका अनुसार दुवै देशका राष्ट्रपतिले अनुमोदन गरेको समझदारीपत्रमा आईएईएको निरीक्षण स्पष्ट रूपमा समावेश गरिएको छ । ग्रोसीले आणविक सामग्री तथा सम्बन्धित गतिविधिमाथि आईएईएको निगरानी रहने सहमति भएको उल्लेख गर्दै निरीक्षण कहिले सुरु हुन्छ भन्ने विषयभन्दा पनि अन्ततः निरीक्षण हुने तथ्य महत्त्वपूर्ण रहेको बताए ।

हालै भएको अन्तरिम सम्झौताअनुसार इरानले उच्च स्तरमा संवर्धित युरेनियमको भण्डार घटाउने प्रतिबद्धता जनाएको छ । उक्त प्रक्रिया प्रभावकारी रूपमा कार्यान्वयन गर्न आईएईएको निरीक्षणलाई निर्णायक मानिएको छ । सन् २०२५ मा इजरायल र इरानबीच १२ दिनसम्म चलेको युद्धपछि तेहरानले आईएईएलाई मुख्य संवद्र्धन केन्द्रहरूमा प्रवेश दिएको छैन । पश्चिमी मुलुकहरूले ती केन्द्रहरूमा आणविक हतियार निर्माणका लागि पर्याप्त मात्रामा समृद्ध युरेनियम भण्डारण गरिएको आशङ्का व्यक्त गर्दै आएका छन् ।

इरानले भने आफ्नो आणविक कार्यक्रम पूर्ण रूपमा शान्तिपूर्ण उद्देश्यका लागि रहेको दाबी गर्दै आएको छ । यद्यपि, आणविक हतियार निर्माण कार्यक्रम नभएको दाबी गर्ने मुलुकहरूमध्ये ६० प्रतिशतसम्म युरेनियम संवद्र्धन गर्ने एकमात्र राष्ट्र इरान रहेको उल्लेख गरिन्छ । मङ्गलबार निरीक्षणको विषयमा दुवै पक्षका अधिकारीहरूले फरक धारणा सार्वजनिक गरेका थिए । इरानका विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाई ले गत वर्ष अमेरिकी आक्रमणमा प्रभावित आणविक केन्द्रहरूको निरीक्षण गर्ने कुनै कार्यक्रम नरहेको बताएका थिए ।

युद्धपछि बुसेहर आणविक ऊर्जा केन्द्र लगायत केही स्थलमा आईएईएलाई सीमित पहुँच दिइए पनि मुख्य संवद्र्धन केन्द्रहरूमा निरीक्षण गर्न नपाउँदा इरानको युरेनियम भण्डारको वास्तविक अवस्था अझै स्पष्ट हुन सकेको छैन । युरेनियम संवद्र्धनमा प्रयोग हुने सेन्ट्रिफ्युजहरूको अवस्था मूल्याङ्कन गर्न पनि आईएईए असमर्थ रहेको जनाएको छ । आईएईए र इरान दुवैले हाल नयाँ संवद्र्धन गतिविधि नभएको बताएका छन् । तर केही अप्रसार विशेषज्ञहरूले इरानले आफ्नो युरेनियम भण्डार अघोषित स्थानमा सारेको हुन सक्ने आशङ्का व्यक्त गरेका छन् ।

गत साता भएको अमेरिका–इरान सम्झौताअनुसार तेहरानले समृद्ध युरेनियमको भण्डार घटाउने तथा इरानी तेलमाथिका अमेरिकी प्रतिबन्धहरू खुकुलो बनाउने सहमति भएको छ । थप व्यापक समझदारीमा पुग्न दुवै पक्षलाई ६० दिनको समय दिइएको छ ।

यसैबीच, लेबनान मा इजरायल र इरान समर्थित हिजबुल्लाह बीचको तनावले युद्धविरामलाई चुनौती दिइरहेको छ । मङ्गलबार केही हिंसात्मक घटना भए पनि अवस्था थप जटिल नबनेको जनाइएको छ ।

उता अमेरिकी विदेशमन्त्री मार्को रुबियो तीन राष्ट्रको भ्रमणका क्रममा पर्सियन खाडी क्षेत्रमा पुगेका छन् । उनले अबुधाबी मा मोहम्मद बिन जायद अल नाह्यान सँग भेटवार्ता गरेका छन् भने त्यसपछि कुवेत र बहराइन भ्रमण गर्ने कार्यक्रम रहेको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ । रासस

# पीएल सिंह टी–२० क्रिकेटः पोखरा र वीरगंज विजयी

**काठमाडौँ ।**
पीएल सिंह मेमोरियल टी–२० क्रिकेटमा पोखरा र वीरगञ्ज महानगरपालिका विजयी भएका छन् । कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा जारी प्रतियोगिताअन्तर्गत बुधबार सम्पन्न खेलमा पोखरा र वीरगञ्ज महानगरपालिका विजयी भएका हुन् ।

पोखरा महानगरपालिकाले भरतपुर महानगरपालिकामाथि ६ विकेटको जित निकाल्यो । उक्त खेलमा भरतपुर महानगरपालिकाले टस जितेर पहिला ब्याटिङ गर्र्दै १८.४ ओभरमा सबै विकेट गुमाएर १२३ रन मात्र बनाउन सक्यो ।

भरतपुरका लागि शुभ कंसाकारले २२ बलमा ३० रनको सर्वाधिक योगदान दिए । यस्तै सूर्यान्शु कोइरालाले १७, गौतम केसीले १७ र योगेशबहादुर भाटले १७ रन जोडे । बलिङतर्फ पोखराका सुदीप अर्याल, अपराजित पौडेल, कृष्ण पौडेल र सुवास भण्डारीले दुई विकेट लिए । एक सय २४ रनको विजयी लक्ष्य पोखरा महानगरपालिकाले १८.१ ओभरमा चार विकेट गुमाउँदै पूरा ग¥यो । पोखराको जितमा मुस्कान थापा मगरले उत्कृष्ट इनिङ खेल्दै ४६ बलमा अविजित ५१ रनको अर्धशतकीय पारी खेले । उनी खेलको 'प्लेयर अफ दी म्याच' घोषित भए ।

यसैगरी बुधबारै भएको अर्को खेलमा वीरगंज महानगरपालिकाले विराटनगर महानगरपालिकालाई ५८ रनले हरायो । वीरगंजले टस जितेर पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १३५ रन बनायो । वीरगंजका लागि अलराउन्डर पवन सर्राफले आक्रामक ब्याटिङ गर्दै ४४ बलमा ६३ रनको उत्कृष्ट अर्धशतकीय पारी खेले । यस्तै अनिलकुमार साहले १७ रनको योगदान दिए ।

बलिङतर्फ विराटनगरका लागि प्रतीक पोखरेल र दिपेश कँडेलले दुई–दुई विकेट लिए । एक सय १३६ रनको लक्ष्य पछ्याएको विराटनगरको पारी १८ ओभर खेल्दै मात्र ७७ रनमा समेटियो । विराटनगरका लागि प्रेम कामतले अविजित २३ रन र दिपेश कँडेलले १५ रन बनाए । बलिङतर्फ वीरगञ्जका विशाल पटेलले ४ ओभरमा मात्र १० रन खर्चेर ४ विकेट लिए । पवन सर्राफले ४ ओभरमा १५ रन खर्चेर ३ विकेट लिए । ब्याटिङ र बलिङ दुवै विधामा उत्कृष्ट खेल प्रदर्शन गरेका वीरगञ्जका पवन खेलको 'प्लेयर अफ दी म्याच' चुनिए ।


यही असार ५ गतेदेखि त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट मैदानमा प्रतियोगिता सञ्चालन भएको हो । काठमाडौँ महानगरपालिकाले आयोजना गरेको अन्तर महानगर टि–२० प्रतियोगिताको विजेताले रु ११ लाख र उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछ । रासस

# चोरी गरी अमेरिका पुर्याइएका दुई अमूल्य मूर्ति फिर्ता



**काठमाडौँ ।**
नेपालबाट चोरी गरी अमेरिका पुर्याइएका नेपालका दुई वटा अमूल्य मूर्ति फिर्ता नेपाललाई फिर्ता गरिएको छ । न्युयोर्कस्थित नेपाली महावाणिज्यदूतावासमा आयोजित विशेष हस्तान्तरण समारोहमा न्युयोर्कको सरकारी वकिलको कार्यालयले पद्मपाणी र नृत्यदेवीका मूर्तिको स्वामित्व औपचारिक रूपमा नेपाल सरकारलाई हस्तान्तरण गरेको हो ।
समारोहमा न्युयोर्कस्थित नेपाली महावाणिज्यदूत दधिराम भण्डारी तथा म्यानहटन सरकरी वकिलको कार्यालयअन्तर्गतको पुरातात्विक वस्तु तस्करी नियन्त्रण एकाइका प्रमुख कर्नेल म्याथ्यु बोग्डानोसले हस्तान्तरणसम्बन्धी सहमति पत्रमा हस्ताक्षर गरे ।
महावाणिज्य दूतावासले जारी गरेको विज्ञप्ति अनुसार तेह्रौँ शताब्दीको कास्य पद्मपाणीको मूर्ति काठमाडौँस्थित थमबहिल (विक्रमशील महाविहार, भगवानबहाल) को अनुपम कलाकृति मानिन्छ । उक्त मूर्तिको अन्तिम तस्बिर सन् १९७१ मा लिइएको अभिलेखमा उल्लेख छ भने सन् १९७१ र १९७७ बीच कुनै समयमा अवैध रूपमा अमेरिका पुऱ्याइएको ठानिएको छ ।
त्यसैगरी, सोह्रौँ शताब्दीको काठबाट निर्मित नृत्यदेवीको मूर्ति ललितपुरको इबहा बहीको उत्कृष्ट काष्ठकलाको नमुना मानिन्छ । मूर्ति सन् १९६९ र १९८३ बीच कुनै समयमा चोरी गरी अमेरिका लगिएको अनुमान गरिएको छ । पछि यो मूर्ति न्युयोर्कस्थित महानगर सङ्ग्रहालयबाट बरामद गरिएको थियो । यी दुवै सम्पदा न्युयोर्क सरकारी वकिलको कार्यालयले अमेरिकी गृह सुरक्षा अनुसन्धान निकाय तथा अन्य साझेदार संस्थासँगको सहकार्यमा खोजी गरेर नेपाललाई हस्तान्तरण गरिएको हो ।
त्यस अवसरमा महावाणिज्यदूत भण्डारीले नेपाल सरकार तथा नेपाली जनताका तर्फबाट अमेरिकी सरकार, न्युयोर्क सरकारी वकिलको कार्यालय, गृह सुरक्षा अनुसन्धान निकाय, अनुसन्धानकर्ता, सङ्ग्रहालय, सम्पदा संरक्षण अभियन्ता तथा समुदायका सदस्यप्रति आभार व्यक्त गरे । उनले सबैको संयुक्त प्रयासबाट यी अमूल्य सांस्कृतिक सम्पदाको खोजी, नेपाललाई पुनः स्वामित्व प्राप्ति र स्वदेश फिर्ती सम्भव भएको बताए ।
नेपाल र अमेरिकाबीच सांस्कृतिक सम्पदाको अवैध ओसारपसार नियन्त्रणका लागि विकसित हुँदै गएको सहकार्य अन्तरराष्ट्रिय साझेदारीको उत्कृष्ट उदाहरण भएको तथा साझा सांस्कृतिक सम्पदा संरक्षणप्रतिको प्रतिबद्धताको प्रतीक भएको उनको भनाइ थियो ।
उनले अमेरिकास्थित नेपाली समुदाय तथा सामुदायिक संस्थाहरू, विशेषगरी नेवा गुठी न्युयोर्कलाई नेपालका सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा पु¥याएको योगदानका लागि धन्यवाद दिए ।
हस्तान्तरणपछि ती दुवै सम्पदालाई यही जुन २५ मा नेपाल पठाइने जनाइएको छ । ढुवानी तथा व्यवस्थापनको कार्य नेपाली महावाणिज्यदूतावास र नेवा गुठी न्युयोर्कको समन्वयमा गरिनेछ भने गुठीका प्रतिनिधिहरूले सम्पदासँगै नेपालसम्म यात्रा गर्नेछन् ।
काठमाडौँ आइपुगेपछि ती सम्पदा पुरातत्त्व विभागलगायत सम्बन्धित सरकारी निकायलाई हस्तान्तरण गरिनेछ ।
समारोहमा न्युयोर्क सरकारी वकिलको कार्यालय, गृह सुरक्षा अनुसन्धान निकाय, नेवा गुठी, मेट्रोपोलिटन म्युजियम, प्राध्यापक, नेपाली समुदायका सदस्य, सम्पदा संरक्षणकर्मी तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो । रासस

# दिक्तेल रुपाकोटले बाँदर धपाउन छुट्यायो ४५ लाख



**खोटाङ ।**
दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले बाँदर धपाउनका लागि बजेट विनियोजन गरेको छ । बाँदरको आतङ्कबाट पीडित किसानलाई राहत दिलाउन नगरपालिकाले १५औँ नगरसभाबाट हरेक वडा तथा टोलमा 'बाली हेरालु' राख्नका लागि बजेट विनियोजन गरेको हो ।
नगर उपप्रमुख विशन राईले प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा बाँदरलगायतका वन्यजन्तुबाट कृषि बालीमा हुने क्षति न्यूनीकरणका लागि रु ४५ लाख छुट्याइएको छ । नगर उपप्रमुख राईले कृषि उत्पादनलाई पहिलो प्राथमिकतामा राखेर आर्थिक वर्ष २०८३/८४ का लागि एक अर्ब एक करोड ५५ लाख ३१ हजार १ सय १ रुपैयाँ बजेट विनियोजन गरेका हुन् ।
बाँदरको समस्यालाई निराकरण गर्नका लागि 'बाली हेरालु' राख्ने नीति तथा कार्यक्रम पारित गरिएको नगरप्रमुख तीर्थराज भट्टराईले बताए । बाँदरको समस्या समाधान गर्न सङ्घीय सरकार तथा छिमेकी पालिकाहरूसँगको समन्वयमा अल्पकालीन र दीर्घकालीन योजना बनाइएको जनाइएको छ ।
नगरपालिकाले 'किसानलाई के चाहिन्छ ?' कार्यक्रमसमेत सञ्चालन गर्ने नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रममा उल्लेख छ । किसानलाई के चाहिन्छ ? कार्यक्रमअन्तर्गत किसानको घरदैलोमा पुगेर प्राविधिक सेवा, उन्नत बीउबिजन वितरण र एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने कार्यक्रम तय गरिएको छ ।
जिल्लाका दश स्थानीय तहमध्ये हलेसी तुवाचुङ नगरपालिका, जन्तेढुङ्गा गाउँपालिका र दिप्रुङ चुइचुम्मा गाउँपालिकाले असार ७ गते नै नीति तथा कार्यक्रम प्रस्तुत गरिसकेको छ । जिल्लाको दोस्रो ठूलो स्थानीय तह (एघार वडा रहेको) हलेसी तुवाचुङ नगरपालिकाले ८४ करोड ११ लाख ८२ हजार रुपैयाँको नीति तथा कार्यक्रम प्रस्तुत गरेको हो ।
केपिलासगढी गाउँपालिकाले मङ्गलबार ४७ करोड ५१ लाख पाँच हजार १ सय ७० रुपैयाँको नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । गाउँपालिकाको १९औँ गाउँसभामा गाउँपालिका उपप्रमुख गुरुराज राईले पुँजीगत खर्चतर्फ १७ करोड १२ लाख ५१ हजार रुपैयाँ तथा चालु खर्चतर्फ ३० करोड ३८ लाख ५४ हजार १ सय ७० रुपैयाँ बजेट विनियोजन गरेका हुन् । दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा पाँच स्थानीय तहले असार १० गते नीति तथा कार्यक्रम प्रस्तुत गर्ने तयारी गरेको छ । खोटेहाङ गाउँपालिका, साकेला गाउँपालिका, रावाबैँसी गाउँपालिका, बराहपोखरी गाउँपालिका र ऐँ◌ेसेलुखर्क गाउँपालिकाले बुधबार नीति तथा कार्यक्रम प्रस्तुत गर्ने भएको हो ।

# प्रतिभा प्रस्फुटनले सङ्घीयताप्रति बलियो बनाउँदै विद्यार्थीको बुझाइ

*'सङ्घीयतामा स्थानीय सरकार' शीर्षकको वकृत्वकला प्रतियोगितामा किस्पाङ बहुप्राविधिक शिक्षालयका राधिका रैला प्रथम, ऐसेलु भूमे माध्यमिक विद्यालयका लक्ष्मी विक द्वितीय र ज्ञानज्योति माध्यमिक विद्यालयका पूजा तामाङ प्रथम हुनुभयो । त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग केन्द्रीय विभागका पूर्वप्रमुख प्रा डा सोमप्रसाद खतिवडा नेतृत्वको निर्णायक समिति रहेको वकृत्वकला प्रतियोगिताका विजयी विद्यार्थी छनोट गरेको थियो ।*

**प्रकाश सिलवाल/रासस**
**नुवाकोट ।**
प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गराउनु पनि विद्यालय शिक्षाको कार्यभारभित्र पर्छ । नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयमातहतको पाठ्यक्रम विकास केन्द्र, भक्तपुरले जारी गरेको 'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ (दोस्रो संस्करण, २०७९)' ले निर्धारण गरेका १२ उद्देश्यको दोस्रो बँ◌ुदामा 'राष्ट्र र राष्ट्रियताको निर्माणमा सहयोगी लोकतान्त्रिक मूल्य, मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, नैतिकवान तथा सांस्कृतिक सभ्यताबोध भएका, चरित्रवान, नेतृत्वदायी एवं जिम्मेवार नागरिक तयार गर्ने' समावेश गरिएको छ ।
साथै 'रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सीप भएका साक्षर र नैतिक सचेतना निपूण र नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा विशिष्टताहरूको संरक्षण, सम्बद्र्धन र विकासतर्फ अभिमुखीकृत भएको नेपालको इतिहास, संस्कृति, सभ्यता एवं मानव र जीवनोपयोगी मौलिक ज्ञान भएका नागरिक तयार गर्ने' पनि प्रारुपको उद्देश्य रहेको छ ।
हाल पुनरावलोकनका लागि सुझाव माग गरिएको उक्त प्रारूपमा विद्यमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी समतामूलक प्रणालीबारे परिवर्तन हुने स्थिति नभएको अवस्थामा यस प्रणालीबारे विद्यार्थीलाई औपचारिक शिक्षाका साथै अतिरिक्त क्रियाकलापबाट पोख्त बनाउनु सबै तहका सरकार र विद्यालयको दायित्व हो ।
यही दायित्वलाई मनन् गर्दै नुवाकोटको किस्पाङ गाउँपालिकाले स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत आयोजना गरेको 'किस्पाङ प्रतिभाको खोजी–२०८३' र खासगरी वक्तृत्वकला प्रतियोगितामा सहभागी विद्यार्थीले सङ्घीय शासन प्रणाली र स्थानीय सरकारको महत्वबारे आफ्ना गहन बुझाइ प्रस्तुत गरेका छन् ।
नेपाली जनताको लामो सङ्घर्ष र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र, बहुदलीय प्रतिस्पर्धा र विकासका चाहनालाई पूरा गर्न स्थानीय सरकारसँग भएका अवसर र चुनौतीबारे विद्यालय तहमा यो एउटा बहसको क्षण पनि बन्यो ।
'सङ्घीयतामा स्थानीय सरकार' विषय रहेको प्रतियोगितामा सहभागी विद्यार्थीले नेपालको सङ्घीय शासन व्यवस्थाभित्र संविधानले व्यवस्था गरेअनुसार नागरिकलाई नजिकबाट सेवा प्रवाह गर्न र स्थानीय आवश्यकताअनुसार विकास योजना निर्माण गर्न तथा जनसहभागिता बढाउन स्थानीय सरकारले महत्त्वपूर्ण भूमिका खेलेको विषयमा धारा प्रवाह धारणा दिएका छन् ।
प्रतियोगिताका क्रममा विद्यार्थीले स्थानीय सरकारलाई लोकतन्त्रको आधारस्तम्भका रूपमा चित्रण गर्दै शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार तथा सामाजिक विकासका क्षेत्रमा स्थानीय सरकारले गर्दै आएको



कामबारे आफ्ना सशक्त विचार प्रस्तुत गरेर जनप्रतिनिधि, कर्मचारी र शिक्षकलाई समेत प्रफुल्लित तुल्याएका छन् । प्राप्त स्रोत सामग्री र शिक्षकले गराइदिएको तयारीका आधारमा विद्यार्थीहरूको प्रस्तुति कुनै सक्षम विषय शिक्षकको भन्दा कम थिएन । प्रस्तुति कलाका हिसाबले त त्योभन्दा बढी थियो, जसले ती प्रतिस्पर्धी विद्यार्थीहरू भोलिका दिनमा बहुमुखी प्रतिभावान् हुनसक्ने र नेतृत्व क्षमतामा गणनायोग्य हुनसक्ने आकलन गर्न सकिन्छ ।
सङ्घीयताले सिंहदरबारको अधिकार गाउँगाउँसम्म पुर्याएको सन्दर्भदेखि निर्णय प्रक्रियामा नागरिकको पहुँच बढाएको तथा स्थानीय समस्याको स्थानीयस्तरमै समाधान खोज्न सहज बनाएको बारे उदारणसहित ती प्रतिस्पर्धी विद्यार्थीहरूले आफ्ना बलियो बुझाइ अभिव्यक्त गरेका थिए । उनीहरूले सङ्घीयता र स्थानीय सरकारको एकोहोरो प्रशंसामात्र गरेनन्, स्थानीय सरकारको प्रभावकारी सञ्चालन, पारदर्शिता, जवाफदेहिता र थप नागरिक सहभागिताको आवश्यकता परिपूर्तिका लागि अझ मिहिनेत गर्न पनि सुझाएका छन् । सङ्घीयता सफल बनाउन नागरिक सचेतना, सुशासन र विकासप्रति सबै पक्षको साझा प्रतिबद्धता आवश्यक रहेको तार्किक धारणा पनि प्रतियोगितामा आएको थियो ।
किस्पाङ गाउँपालिकाभित्र रहेका विद्यार्थीहरूमा निहीत सिर्जनशीलता, प्रतिभा, नेतृत्व क्षमता र अभिव्यक्ति कलाको पहिचान तथा विकास गर्ने उद्देश्यले पहिलोपटक नुवाकोटको 'किस्पाङ प्रतिभाको खोजी कार्यक्रम, २०८३' सञ्चालन गरिएको हो । विद्यालय तहका विद्यार्थीमा अतिरिक्त क्रियाकलापमा सक्रिय बनाउने र उनीहरूमा रहेको अन्तरनिहित प्रतिभालाई उजागर गर्न मञ्चीय अवसर प्रदान गरी प्रतियोगी भावना विकास गराई प्रोत्साहन गर्न यो कार्यक्रम आयोजना गरिएको गाउँपालिकाले जनाएको छ ।
बालबालिकाहरूको बौद्धिक, सिर्जनात्मक र कलात्मक क्षमतालाई उजागर गर्दा नियमित अध्ययनमा समेत सकारात्मक योगदान मिल्ने अपेक्षासहित गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत यो कार्यक्रम आयोजना गरिएको हो । गाउँपालिका–३ काहुलेस्थित ऐसेलु भूमे माध्यमिक विद्यालयको सभाकक्षमा आयोजना गरिएको प्रतियोगितामा गाउँपालिकाका अधिकांश सामुदायिक र संस्थागतका साथै एकमात्र बहुप्राविधिक विद्यालयका छानिएका विद्यार्थी प्रतिभाहरूको सक्रिय सहभागिता रहेको थियो । 'किस्पाङ प्रतिभाको खोजी कार्यक्रम'को पहिलो दिन यही असार ३ गते लोकनृत्य प्रतियोगिता तथा दोस्रो दिन वकृत्वकला र चित्रकला प्रगियोगिता आयोजना गरिएको थियो ।
'सङ्घीयतामा स्थानीय सरकार' शीर्षकको वकृत्वकला प्रतियोगितामा किस्पाङ बहुप्राविधिक शिक्षालयका राधिका रैला प्रथम, ऐसेलु भूमे माध्यमिक विद्यालयका लक्ष्मी विक द्वितीय र ज्ञानज्योति माध्यमिक विद्यालयका पूजा तामाङ प्रथम हुनुभयो । त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग केन्द्रीय विभागका पूर्वप्रमुख प्रा डा सोमप्रसाद खतिवडा नेतृत्वको निर्णायक समिति रहेको वकृत्वकला प्रतियोगिताका विजयी विद्यार्थी छनोट गरेको थियो । प्रथम, द्वितीय र तृतीयलाई क्रमशः १० हजार, आठ हजार र छ हजार रुपैयाँ पुरस्कार प्रदान गरियो । राष्ट्रिय कलाकारहरू वैकुण्ठ महत, याम गुरुङ, दिपेश माझी र चन्द्रा सारु मगरलगायतका अप्रतियोगी नृत्य, गीत र सङ्गीत प्रस्तुतिबाट शिक्षक–विद्यार्थीमा थप मनोरञ्जन र बौद्धिक खुराक प्रदान गरिएको थियो ।
वकृत्वकला प्रतियोगितामा प्रथम स्थान हासिल गर्नुभएका किस्पाङ बहुप्राविधिक शिक्षालयका राधिका रैलाले आफू अतिरिक्त क्रियाकलापमा पहिलादेखि लागे पनि यसस्तरको प्रतियोगितामा यसरी पुरस्कृत हुन पाउँदा खुसी मिलेको बताए । उनले नियमित अध्ययनका साथै वकृत्वकला छोटो समयको आफ्नो अभ्यास र शिक्षकहरूको उत्प्रेरणाका कारण आत्मविश्वासका सबैका सामुन्ने विषयवस्तुमा प्रस्तुति दिन सकिएको प्रतिक्रिया दिए ।
वक्तृत्वकला प्रतियोगिताको निर्णायक समितिका संयोजक प्रा. डा. खतिवडाले प्रतियोगितामा सहभागी विद्यार्थीको संख्या तथा विधाहरू थप विस्तार गरी बढीभन्दा बढी प्रतिभालाई अवसर प्रदान गर्दै आगामी दिनमा वातावरण, संस्कृति, इतिहास, सम्पदा, पर्यटन, ग्रामीण विकास आदिबारे हाजिरीजवाफ, निबन्ध, कथा, कविता लेखन कार्यशाला तथा प्रतियोगिताजस्ता कार्यक्रम गर्न सकिने आग्रह गरे । कार्यक्रम आयोजना गर्दा खुला र ठूलो स्थानमा स्थानीयवासीसमेतको उपस्थितिमा भव्यतापूर्वक उत्सवका गरिए विद्यार्थी प्रतिभाहरू थप उत्साहित हुने उनको भनाइ छ ।
डा. खतिवडाले यस्ता कार्यक्रमले पाठ्यक्रम र पाठ्यपुस्तकले तोकेको लक्ष्यहरूलाई पूर्ति गर्नसमेत प्रत्यक्ष मद्दत मिल्ने उल्लेख गर्दै प्रतियोगीहरूलाई विद्यालयस्तरमै पूर्वतयारी तथा प्रशिक्षणका कार्यक्रम सञ्चालन गर्न शिक्षकहरूले थप समय दिई घोकन्ते शैलीभन्दा स्वतःस्फूर्त प्रस्फुटनको वातारण बनाउनुपर्ने बताए । उनले गाउँपालिकास्तरमा उत्कृष्ट प्रतिभाहरूलाई जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका प्रतियोगितामा सहभागी गराउन गाउँपालिका, सम्बन्धित विद्यालय र व्यवस्थापन पक्षले थप ध्यान दिनुपर्ने बताए ।
किस्पाङ गाउँपालिकाका उपाध्यक्ष अर्जुनप्रसाद न्यौपाने प्रारम्भिक बाल विकासदेखि माध्यमिक तहसम्म गुणस्तरीय शिक्षा दिने र हरेक विधामा प्रतिभाहरूको पहिचान, प्रोत्साहन र राष्ट्रियकरणका लागि यस प्रकारको कार्यक्रम आयोजना गरिएको बताउँदै विद्यार्थीको प्रतिभाको उजगार र प्रोत्साहन हुने यस प्रकारको कार्यक्रमलाई आगामी वर्षहरूमा पनि नियमित रूपमा सञ्चालन गरिनुपर्छ भन्ने सुझावलाई मनन् गरिने प्रतिबद्धता व्यक्त गरे । प्रतियोगितामार्फत विद्यार्थीहरूमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास हुनुका साथै कला, साहित्य र बौद्धिक गतिविधिप्रति रुचि बढाउन सहयोग पुगेको उनको भनाइ छ ।
गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केदारप्रसाद खतिवडाले सामाजिक चेतनाको विस्तारका साथै विद्यार्थीमा लुकेर रहेका प्रतिभाको उजगार गर्न यस्ता कार्यक्रमले महत्त्वपूर्ण टेवा दिएको बताउँदै विद्यालय शिक्षाका लगानीको प्रतिफल खोज्नु चुनौतीपूर्ण भएका बेला विद्यालयमा लुकेर रहेका प्रतिभाहको खोजीको थालनी एक महत्त्वपूर्ण आयाम बन्ने जनाए । 'शिक्षा केबल पाठ्यपुस्तक पढ्ने विषयमात्र होइन । समाजभित्रका हरेक विषय पढ्ने सवाल हो । यो सामाजिक जागरण पनि हो । सीमित स्रोतबाट सुरुआत गरिएको यस कार्यक्रमलाई अझ विस्तारित गर्नु हामी तत्पर छौँ,' खतिवडाले विद्यार्थीहरूलाई लक्ष्य गर्दै भने, 'तपाईँहरू पचास वर्षपछिको समाज निर्माणको महत्वपूर्ण हिस्सा हो । आजका विद्यार्थी कति निष्ठावान्, कति इमानदार र समाज विकासका लागि प्रतिबद्ध छन् भन्ने कुरा तपाईँहरूले आफूभित्र रहेको कलाको सशक्त प्रस्तुतिबाट देखाउनुभएको छ । यो विशिष्ट प्रतिभा प्रदर्शनको कुरा हो । गाउँपालिका यसप्रति खुसी व्यक्त गर्दछ ।'
सोही गाउँपालिककाका शिक्षा शाखा प्रमुख सरोज अधिकारीले 'किस्पाङ प्रतिभाको खोजी कार्यक्रम' अन्तर्गत आयोजित लोकनृत्य, वक्तृत्वकला तथा चित्रकला प्रतियोगिता सफलतापूर्वक सम्पन्न हुनु किस्पाड गाउँपालिकाको एक गौरवपूर्ण अवसर भएको जनाउँदै कार्यक्रमले विद्यार्थीहरूमा रहेको अन्तर्निहित प्रतिभा, सिर्जनशीलता, अभिव्यक्ति क्षमता तथा आत्मविश्वास उजागर गर्न महत्त्वपूर्ण भूमिका निर्वाहमा योगदान दिएको बताए ।
वर्तमान सूचना र प्रविधि तथा प्रतिस्पर्धी समाजको समयमा विद्यार्थीहरूको सिकाइ केवल पाठ्यपुस्तकमा सीमित नराखी उनीहरूमा रहेका अनेक प्रतिभालाई प्रोत्साहन गर्नु आवश्यक रहेको सन्दर्भमा यस कार्यक्रमले विद्यार्थीहरूलाई आफ्ना विचार, भावना तथा सिर्जनशील क्षमताहरू प्रदर्शन गर्ने उपयुक्त अवसर प्रदान गरेको सहभागी शिक्षकहरूले जनाएका थिए । कार्यक्रमले किस्पाङ गाउँपालिकाभित्र रहेका प्रतिभाशाली विद्यार्थीहरूको पहिचान, संरक्षण र प्रवद्र्धन गरेको छ । भविष्यमा यस्ता कार्यक्रमहरूलाई अझ व्यवस्थित, व्यापक र प्रभावकारी रूपमा सञ्चालन गर्न सकेमा स्थानीयस्तरमा रहेका प्रतिभाहरूको विकास तथा सर्वाङ्गीण शैक्षिक उन्नयनमा थप टेवा पुगेको उनीहरूको भनाइ थियो ।

## मोटरसाइकल चोरी भएको आधा घण्टामै बरामद, दुई युवक पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
रौतहटको गरुडा नगरपालिकाबाट चोरी भएको मोटरसाइकल प्रहरीले घटनाको करिब आधा घण्टाभित्रै बरामद गर्दै चोरीमा संलग्न दुई युवकलाई पक्राउ गरेको छ। तीव्र खोजी तथा निगरानी अभियान सञ्चालन गर्दै प्रहरीले चोरी भएको सवारी साधनसहित आरोपितहरूलाई नियन्त्रणमा लिन सफल भएको हो।

पक्राउ पर्नेमा गढीमाई नगरपालिका–६ निवासी २० वर्षीय अनिल कुमार साह र सोही वडाका २० वर्षीय रामनारायण यादव रहेका छन् । इलाका प्रहरी कार्यालय गरुडाका अनुसार उनीहरूलाई चोरी भएको मोटरसाइकलसहित पक्राउ गरिएको हो।

प्रहरीका अनुसार मंगलबार साँझ करिब ६ः३० बजे गरुडा नगरपालिका–४ स्थित एक घर अगाडि पार्किङ गरी राखिएको बा.प्र.०२–०४१ प ३८४९ नम्बरको २२० सिसी पल्सर मोटरसाइकल चोरी भएको सूचना प्राप्त भएको थियो। मोटरसाइकल हराएको जानकारी प्राप्त हुनासाथ प्रहरीले सम्भावित मार्गहरूमा निगरानी बढाउँदै खोजी अभियान सुरु गरेको थियो।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकर प्रसाद आचार्यका अनुसार धर्मपुर प्रहरी चौकीबाट खटिएको प्रहरी टोलीले गढीमाई नगरपालिका–६ अन्तर्गत धर्मपुर क्षेत्रबाट बाहिरिने मुख्य पुल तथा आसपासका क्षेत्रमा विशेष निगरानी राखेको थियो । सोही क्रममा साँझ करिब ७ बजे चेकजाँचका क्रममा चोरी भएको मोटरसाइकल फेला परेको र त्यसलाई चलाइरहेका दुई युवकलाई नियन्त्रणमा लिइएको उनले बताए।

प्रहरीले बरामद गरिएको मोटरसाइकल सुरक्षित रूपमा नियन्त्रणमा लिएको छ भने पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान अघि बढाइएको जनाएको छ । उनीहरूलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी थप कारबाहीका लागि इलाका प्रहरी कार्यालय गरुडाको हिरासतमा राखिएको छ।

प्रहरीले समयमै प्राप्त सूचनाका आधारमा तत्काल खोजी अभियान सञ्चालन गरिएकाले चोरी भएको सवारी साधन छिटो बरामद गर्न र संलग्न व्यक्तिलाई पक्राउ गर्न सफलता मिलेको जनाएको छ । साथै कुनै पनि आपराधिक घटना वा शंकास्पद गतिविधिबारे तत्काल प्रहरीलाई जानकारी गराउन सर्वसाधारणसँग आग्रह गरेको छ।

# मन्त्रालयको निर्देशनविपरीत पोषण सामग्री खरिद प्रक्रिया बढाइयो

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशको स्वास्थ्य क्षेत्रमा पोषण कार्यक्रमअन्तर्गत हुने बजेट खर्च र खरिद प्रक्रियालाई लिएर पुनः विवाद उत्पन्न भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्पष्ट रूपमा खरिद प्रक्रिया रद्द गर्न निर्देशन दिएपछि पनि स्वास्थ्य निर्देशनालयले करोडौं रुपैयाँको पोषण सामग्री खरिद प्रक्रिया अघि बढाएको विषय सार्वजनिक भएपछि प्रशासनिक समन्वय, सार्वजनिक खरिद प्रणालीको पारदर्शिता तथा सरकारी निर्णय कार्यान्वयनमाथि गम्भीर प्रश्न उठेको छ।

स्वास्थ्य निर्देशनालय मधेश प्रदेशले जेठ ७ गते बालबालिका, गर्भवती महिला तथा सुत्केरी आमाका लागि 'खानका लागि तयार पोषणयुक्त खाद्य सामग्री' खरिद गर्न करिब ७ करोड रुपैयाँ बराबरको बोलपत्र आह्वान गरेको थियो । उक्त प्रक्रिया तत्कालीन अर्थमन्त्री महेशप्रसाद यादवले पदबाट बाहिरिनुअघि पोषण कार्यक्रमका लागि थप ९ करोड रुपैयाँ रकमान्तर गरेपछि अगाडि बढाइएको स्रोतको दाबी छ । बोलपत्र आह्वान भइसकेपछि प्राविधिक प्रस्तावको मूल्यांकन प्रक्रिया समेत सम्पन्न भएको थियो। तर, यसैबीच स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खरिद प्रक्रियाको आवश्यकता र औचित्यमाथि प्रश्न उठाउँदै जेठ २९ गते स्वास्थ्य निर्देशनालयलाई लिखित रूपमा प्रक्रिया रद्द गर्न निर्देशन दिएको थियो।

मन्त्रालयले पठाएको पत्रमा विगतका यस्तै कार्यक्रमको प्रभावकारिता स्पष्ट रूपमा प्रमाणित हुन नसकेको उल्लेख गरिएको छ। महालेखा परीक्षकको प्रतिवेदनमा समेत पोषण सामग्री वितरण कार्यक्रमको उपलब्धि र परिणामबारे पर्याप्त आधार नदेखिएको भन्दै मन्त्रालयले थप अध्ययन आवश्यक रहेको निष्कर्ष निकालेको जनाएको छ।

मन्त्रालयका वरिष्ठ उपसचिव राजेश मिश्रद्वारा हस्ताक्षरित पत्रमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (१) बमोजिम बोलपत्र प्रक्रिया रद्द गर्न निर्देशन दिइएको थियो। चालु आर्थिक वर्ष समाप्त हुन लागेकाले आवश्यक अध्ययन र मूल्यांकन सम्पन्न गरेर प्रक्रिया टुंग्याउन पर्याप्त समय नभएको कारण तत्कालका लागि खरिद प्रक्रिया रोक्नुपर्ने मन्त्रालयको तर्क थियो।

तर मन्त्रालयको स्पष्ट निर्देशनपछि पनि स्वास्थ्य निर्देशनालयले प्रक्रिया स्थगित नगरी थप अगाडि बढाएको देखिएको छ। निर्देशनालयले असार ४ गते सार्वजनिक सूचना जारी गर्दै प्राविधिक मूल्यांकनमा छनोट भएका कम्पनीहरूको आर्थिक प्रस्ताव खोल्ने मिति तोकेको थियो।

सूचनाअनुसार नेपाल स्वास्थ्य फुड इन्डस्ट्रिज प्रालि तथा एटीएच एन्ड विराट एग्रो सप्लायर्सको आर्थिक प्रस्ताव असार १० गते खोल्ने कार्यक्रम तय गरिएको थियो। यस घटनाले मन्त्रालय र मातहतको निकायबीचको मतभेदलाई सार्वजनिक रूपमा उजागर गरेको छ।

मन्त्रालयले प्रक्रिया रोक्न निर्देशन दिँदा निर्देशनालयले त्यसलाई निरन्तरता दिन खोज्नु प्रशासनिक अनुशासन र निर्णय कार्यान्वयनको दृष्टिले असामान्य विषय भएको प्रशासनिक वृत्तमा चर्चा हुन थालेको छ।

स्वास्थ्य निर्देशनालयका निर्देशक सरोज न्यौपानेले भने खरिद प्रक्रिया आवश्यकता र स्थानीय तहबाट प्राप्त मागका आधारमा अघि बढाइएको दाबी गरेका छन्। उनका अनुसार मधेश प्रदेशका १३६ वटै स्थानीय तहलाई पोषण सामग्री आवश्यकताको विवरण पठाउन अनुरोध गरिएको थियो र प्राप्त मागपत्रकै आधारमा खरिद प्रक्रिया सुरु गरिएको हो।

'१३६ वटै पालिकाबाट प्राप्त आवश्यकताको विवरणलाई आधार बनाएर पोषण सामग्री खरिद प्रक्रिया अघि बढाइएको हो,' निर्देशक न्यौपानेले भने, 'हामीले कानुनी प्रक्रिया र आवश्यकताका आधारमा काम गरेका छौ ं।'

उनले मन्त्रालयको निर्देशनको अवज्ञा गरिएको भन्ने आरोपलाई अस्वीकार गर्दै सम्पूर्ण प्रक्रिया प्रचलित कानुनअनुसार अगाडि बढाइएको दाबी गरेका छन्।

यता स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र साहले भने मन्त्रालयको निर्देशनविपरीत काम भएको विषयमा आफूलाई औपचारिक जानकारी नभएको प्रतिक्रिया दिएका छन्।

# कुटमेस्वरी पुल निर्माणमा ढिलाइ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम–भिठामोड सडकखण्डअन्तर्गत पर्सा नजिक निर्माणाधीन कुटमेस्वरी पुलको काम लामो समयदेखि अलपत्रजस्तै बनेपछि स्थानीयवासी, यात्रु तथा व्यवसायीहरू समस्यामा परेका छन्।

निर्माण कार्यमा देखिएको सुस्त गतिका कारण सडक यातायात प्रभावित हुनुका साथै वर्षायाम नजिकिँदै जाँदा जोखिम समेत बढ्दै गएको छ।

करिब २० करोड रुपैयाँ लागतको उक्त पुल निर्माणको जिम्मा २०७९ फागुन २ गते राम जानकी निर्माण सेवा, जनकपुरधामले पाएको थियो।

सम्झौताअनुसार ४० मिटर लम्बाइ तथा ११ मिटर चौडाइको पुल निर्धारित अवधिभित्र निर्माण सम्पन्न हुनुपर्ने थियो। तर निर्धारित समयमा काम पूरा हुन नसकेपछि निर्माण कम्पनीलाई थप समय प्रदान गरिएको थियो।

सम्बन्धित निकायले निर्माण कम्पनीलाई दोस्रो पटक म्याद थप गर्दै २०८३ साउन ११ गतेसम्मको समय दिएको भए पनि हालसम्म पुलको प्रगति सन्तोषजनक देखिएको छैन । स्थानीयका अनुसार म्याद सकिन केही दिन मात्र बाँकी रहँदा समेत निर्माण कार्य आधाभन्दा कम सम्पन्न भएको अवस्था छ।

स्थानीयले ठेकेदार कम्पनीले कामलाई तीव्रता दिनुपर्ने समयमा समेत पर्याप्त जनशक्ति र उपकरण परिचालन नगरेको आरोप लगाएका छन्। पुल अधुरो रहँदा दैनिक रूपमा यस मार्ग प्रयोग गर्ने सर्वसाधारणले वैकल्पिक तथा जोखिमयुक्त बाटोबाट यात्रा गर्न बाध्य भएको गुनासो गरेका छन्।

पछिल्ला दिनहरूमा समस्या अझ जटिल बन्दै गएको छ। भारतबाट नेपाल प्रवेश गर्ने मालवाहक ट्रक तथा अन्य ठूला सवारी साधनहरू पुल निर्माण क्षेत्रको अव्यवस्थाका कारण सहज रूपमा आवतजावत गर्न नसक्दा मलिवाडा क्षेत्रमा रोकिन बाध्य भएको स्थानीयले बताएका छन्। यसले ढुवानी सेवा प्रभावित हुनुका साथै व्यवसायिक गतिविधिमा समेत असर पर्न थालेको छ।

स्थानीयका अनुसार सामान्य वर्षा हुँदा पनि निर्माणस्थल आसपासको सडक हिलाम्मे र जोखिमपूर्ण बन्ने गरेको छ । वर्षायाम सुरु भएसँगै यातायात सञ्चालन थप कठिन हुने सम्भावना रहेको उनीहरूको भनाइ छ । पुल निर्माण समयमै सम्पन्न नभए विद्यार्थी, बिरामी, कर्मचारी तथा दैनिक आवतजावत गर्ने हजारौं नागरिकले थप सास्ती खेप्नुपर्ने अवस्था आउन सक्ने देखिएको छ।

स्थानीयवासीहरूले पटक–पटक म्याद थप्ने तर काममा अपेक्षित प्रगति नदेखिने प्रवृत्तिप्रति असन्तुष्टि व्यक्त गरेका छन् । उनीहरूका अनुसार निर्माण कम्पनीमाथि प्रभावकारी निगरानी र कारबाही नहुँदा विकास आयोजनाहरूमा लापरबाही बढ्दै गएको छ।

'वर्षौंदेखि पुल निर्माणको प्रतीक्षा गरिरहेका छौं। प्रत्येक पटक म्याद थपिएको खबर आउँछ तर काम भने उही गतिमा चलिरहेको छ,' एक स्थानीयले गुनासो गर्दै भने, 'समयमै काम सम्पन्न गराउन सम्बन्धित निकायले कडाइ नगर्दासम्म यस्ता समस्या दोहोरिइरहन्छन्।'

सरोकारवाला निकायको प्रभावकारी अनुगमन अभाव र निर्माण कम्पनीको ढिलासुस्तीका कारण करोडौं रुपैयाँको सार्वजनिक लगानीसमेत जोखिममा परेको स्थानीयको आरोप छ । उनीहरूले तत्काल निर्माण कार्यलाई तीव्रता दिन, आवश्यक जनशक्ति परिचालन गर्न तथा निर्धारित समयमै पुल सञ्चालनमा ल्याउने वातावरण बनाउन सरकार र सम्बन्धित निकायसँग माग गरेका छन्।

कुटमेस्वरी पुल समयमै निर्माण हुन नसक्दा यस क्षेत्रको यातायात व्यवस्था मात्र प्रभावित भएको छैन, विकास निर्माणका कामप्रति जनविश्वाससमेत कमजोर बन्दै गएको स्थानीयहरूको भनाइ छ । वर्षायामको चुनौती थपिँदै जाँदा पुल निर्माण कार्य शीघ्र सम्पन्न गराउनु सम्बन्धित निकायका लागि प्रमुख परीक्षा बनेको छ।

# वन मन्त्रालयको कार्यशैलीप्रति चुरे संरक्षण अभियानको आपत्ति



**मधेशदृष्टि**
**जनकपुरधाम।**
चुरे तथा वनजंगल संरक्षण अभियान नेपालले वन तथा वातावरण मन्त्रालय तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश प्रदेशका केही निर्णय र कार्यशैलीप्रति गम्भीर असन्तुष्टि जनाउँदै वन तथा वातावरणमन्त्री शंकर प्रसाद चौधरीलाई ज्ञापनपत्र बुझाएको छ।

अभियानका राष्ट्रिय संयोजक सुनिल यादवद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा वन प्रशासनसँग सम्बन्धित महत्वपूर्ण निर्णयहरू कार्यान्वयनमा नआएको, छानबिन प्रतिवेदन सार्वजनिक नगरिएको तथा वन कर्मचारीमाथि भएका आक्रमणका दोषीमाथि कारबाही नभएको विषय उठाइएको छ।

ज्ञापनपत्रमा रौतहट डिभिजन वन कार्यालयका प्रमुख हेमन्त प्रसाद साहको सरुवा सम्बन्धी निर्णय लामो समयसम्म कार्यान्वयन हुन नसकेको विषयलाई विशेष रूपमा उल्लेख गरिएको छ । मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सरुवा आदेश जारी भइसके पनि सम्बन्धित अधिकारीलाई नयाँ जिम्मेवारीमा हाजिर गराउने प्रक्रिया अझै पूरा नभएको भन्दै अभियानले सरकारी निर्णय कार्यान्वयन क्षमतामाथि प्रश्न उठाएको छ।

अभियानका अनुसार सरुवा आदेश कार्यान्वयन नहुनुले सरकारी निर्णयहरू प्रभावहीन बन्दै गएको सन्देश प्रवाह भएको छ भने प्रशासनिक अनुशासनमाथि समेत असर परेको छ । त्यसैले तत्काल सरुवा आदेश कार्यान्वयन गरी रौतहटमा नयाँ डिभिजनल वन अधिकृत खटाउनुपर्ने माग ज्ञापनपत्रमार्फत गरिएको छ ।त्यसैगरी रौतहट वन क्षेत्रसँग सम्बन्धित विभिन्न विवाद, अनियमितता तथा घटनाको अनुसन्धान गर्न गठित छानबिन समितिहरूले प्रतिवेदन बुझाइसकेको भए पनि ती प्रतिवेदन हालसम्म सार्वजनिक नगरिनु र कार्यान्वयन प्रक्रिया अघि नबढाइनु शंकास्पद रहेको अभियानको ठहर छ । सार्वजनिक सरोकारसँग जोडिएका विषयमा तयार भएका प्रतिवेदन गोप्य राख्नु पारदर्शिता र जवाफदेहिताको सिद्धान्तविपरीत भएको भन्दै अभियानले तत्काल प्रतिवेदन सार्वजनिक गर्न माग गरेको छ।

ज्ञापनपत्रमा महोत्तरीको बर्दिवास–कालापानी क्षेत्रमा वन अतिक्रमण हटाउने क्रममा भएको घटनालाई समेत गम्भीर रूपमा उठाइएको छ। वन अतिक्रमण नियन्त्रणका लागि खटिएका वन कर्मचारी श्वेता झा, सुमन श्रेष्ठसहित सात जना कर्मचारीलाई स्थानीय समूहले करिब ६–७ घण्टासम्म बन्धक बनाएको तथा सरकारी गाडीमा आगजनी गरिएको घटनाप्रति मन्त्रालयले प्रभावकारी पहल नगरेको आरोप लगाइएको छ ।अभियानले आफ्नै मातहतका कर्मचारीमाथि भएको यस्तो गम्भीर घटनामा पनि दोषीहरू कानुनी दायरामा नआउनु दुःखद भएको जनाएको छ। वन कर्मचारीको सुरक्षाको प्रत्याभूति गर्नुपर्ने मन्त्रालय नै मौन बसेको भन्दै अभियानले घटनाका दोषीलाई तत्काल कानुनी कारबाहीको दायरामा ल्याउन र पीडित कर्मचारीलाई न्याय दिलाउन माग गरेको छ।

ज्ञापनपत्रमार्फत अभियानले तीन प्रमुख माग अघि सारेको छ। जसअन्तर्गत रौतहट डिभिजन वन कार्यालयका प्रमुखको सरुवा आदेश तत्काल कार्यान्वयन गर्नुपर्ने, रौतहट वन क्षेत्रसम्बन्धी छानबिन प्रतिवेदन सार्वजनिक गरी त्यसका सुझाव कार्यान्वयन गर्नुपर्ने तथा बर्दिवास–कालापानी घटनाका दोषीमाथि कानुनी कारबाही गरी पीडित कर्मचारीलाई न्याय सुनिश्चित गर्नुपर्ने माग समावेश छन्।

अभियानले आफ्ना मागप्रति सरकार र सम्बन्धित निकाय गम्भीर नबने थप सशक्त आन्दोलनका कार्यक्रम सार्वजनिक गर्न बाध्य हुने चेतावनी समेत दिएको छ। वन संरक्षण, सुशासन र कानुनी शासनको पक्षमा उठाइएका विषयलाई बेवास्ता गरिए प्रदेशव्यापी दबाबमूलक कार्यक्रम सञ्चालन गरिने अभियानले जनाएको छ।

# भाषिक पत्रकारिता प्रवर्द्धनसम्बन्धी आवासीय कार्यशाला

मधेशदृष्टि
जनकपुरधाम।
आमसञ्चार प्राधिकरण मधेश प्रदेशको आयोजना तथा नेपाल पत्रकार महासंघ महोत्तरी शाखाको समन्वयमा 'भाषिक पत्रकारिता एवं सञ्चार माध्यम प्रवद्र्धन सम्बन्धी' दुईदिने आवासीय कार्यशाला बुधबारदेखि महोत्तरीमा सुरु भएको छ । कार्यशालामा मधेश प्रदेशका विभिन्न जिल्लाबाट आएका पत्रकार, सञ्चारकर्मी तथा सञ्चार क्षेत्रसँग आबद्ध व्यक्तिहरूको सहभागिता रहेको छ।




कार्यक्रमको उद्घाटन गर्दै मधेश प्रदेश सरकारकी श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले भाषिक पत्रकारिता लोकतान्त्रिक समाजको महत्वपूर्ण आधार भएको बताइन्। उनले स्थानीय भाषा, संस्कृति, परम्परा तथा पहिचानको संरक्षण र प्रवद्र्धनमा सञ्चारमाध्यमले निर्वाह गरिरहेको भूमिकाको प्रशंसा गर्दै मातृभाषामा आधारित सञ्चार सामग्री उत्पादन तथा प्रसारणलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको उल्लेख गरिन्।

मन्त्री थापाले मधेश प्रदेश बहुभाषिक र बहुसांस्कृतिक विशेषता बोकेको प्रदेश भएकाले यहाँ बोलिने विभिन्न भाषाको संरक्षणका लागि भाषिक पत्रकारितालाई संस्थागत रूपमा सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याइन्। स्थानीय भाषामा सञ्चार सामग्री उत्पादन हुँदा समुदायको भावना, समस्या र सरोकार प्रभावकारी रूपमा अभिव्यक्त हुने उनको भनाइ थियो।

कार्यक्रममा मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष बन्दना झाले भाषिक पत्रकारिता केवल समाचार सम्प्रेषणको माध्यम मात्र नभई समुदायको पहिचान, संस्कृति र अस्तित्वसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएको बताइन् । उनले पत्रकारितामा विश्वसनीयता, निष्पक्षता र आचारसंहिताको पालनासँगै स्थानीय भाषाका सञ्चारमाध्यमलाई समयानुकूल प्रविधिसँग जोड्नुपर्ने आवश्यकता रहेको धारणा राखिन्।

त्यसैगरी चलचित्र तथा लोकसञ्चार प्रवद्र्धन बोर्डका अध्यक्ष किशोर लेखीले भाषा, साहित्य, कला र सञ्चार क्षेत्र एकअर्काका परिपूरक पक्ष भएको उल्लेख गर्दै स्थानीय भाषामा गुणस्तरीय सामग्री उत्पादन बढाउन राज्य, सञ्चार संस्था र सरोकारवाला निकायबीच सहकार्य आवश्यक रहेको बताए। भाषिक पत्रकारिताले स्थानीय तहका आवाज, मुद्दा र सरोकारलाई राष्ट्रिय बहसको केन्द्रसम्म पु¥याउने महत्वपूर्ण भूमिका खेलेको उनले बताए।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशका पदाधिकारीहरूले भाषिक पत्रकारिताको दिगो विकास, सञ्चारमाध्यमको संस्थागत सुदृढीकरण तथा पत्रकारहरूको पेशागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले कार्यशालाको आयोजना गरिएको जानकारी दिएका छन्। उनीहरूका अनुसार प्रदेशमा विभिन्न मातृभाषामा सञ्चालित सञ्चारमाध्यमलाई थप प्रभावकारी र प्रतिस्पर्धी बनाउन यस्ता कार्यक्रम आवश्यक छन्।

कार्यक्रममा प्राधिकरणका सदस्य ज्योति झा र नवीन गुप्ताले पनि भाषिक सञ्चारमाध्यमका चुनौती, सम्भावना तथा नीतिगत व्यवस्थाका विषयमा आफ्नो धारणा राखेका थिए । उनीहरूले डिजिटल युगमा भाषिक सञ्चारमाध्यमलाई टिकाइराख्न नवप्रवर्तन, प्रविधिको उपयोग र गुणस्तरीय सामग्री उत्पादनमा जोड दिनुपर्ने बताए।

आयोजकका अनुसार दुई दिनसम्म सञ्चालन हुने कार्यशालामा भाषिक पत्रकारिताको वर्तमान अवस्था, स्थानीय भाषाका सञ्चारमाध्यमको दिगोपना, डिजिटल सञ्चारको प्रभाव, पत्रकारितामा आधुनिक प्रविधिको प्रयोग, सञ्चार क्षेत्रका नीतिगत व्यवस्था तथा बदलिँदो सञ्चार परिवेशका अवसर र चुनौतीबारे विषयगत प्रस्तुति तथा अन्तरक्रिया गरिनेछ।

कार्यशालाले मधेश प्रदेशमा सञ्चालित भाषिक सञ्चारमाध्यमको क्षमता अभिवृद्धि, पत्रकारहरूको पेशागत दक्षता विकास तथा स्थानीय भाषा र संस्कृतिको संरक्षणमा थप योगदान पुग्ने अपेक्षा गरिएको आयोजकले जनाएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन